# अध्याय एक

# अध्ययनपत्रको परिचय

## १.१ अध्ययनको शीर्षक

यस अध्ययनपत्रको शीर्षक पोखरा उपमहानगरपालिका वडा नं. २५ पुम्दी भुम्दीमा प्रचलित मागलको अध्ययन हो ।

## १.२ अध्ययनको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्र (४१०-६) को आवश्यकता पूरा गर्ने प्रयोजनका निम्ति प्रस्तुत अध्ययनपत्र तयार गरिएको हो ।

## १.३ समस्या कथन

नेपाली लोकसाहित्य अन्तगर्त पर्ने लोकगीतको एक भेद मागल हो । सोही मागल गीतको अध्ययनमा आधारित अध्ययन पत्र निम्न लिखित समस्याको समाधानमा केन्द्रित छ ।

१ पोखरा उपमहानगरपालिका-२५ मा पर्ने पुम्दीभुम्दीमा प्रचलित मागलगीतको अवस्था कस्तो छ ?

२ उक्त क्षेत्रमा प्रचलित मागलको अध्ययन विश्लेषण कुन रूपमा गर्न सकिन्छ ?

## १.४ अध्ययनपत्रको उद्देश्य

माथि उल्लेखित समस्याहरूको समाधान गर्नु नै यस अध्ययनपत्रको प्रमुख उद्देश्य रहेको छ । नेपाल राज्यको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने कास्की जिल्लाको पोखरा उपमहानगरपालिका वडा नं. २५ पुम्दीभुम्दीमा बसोबास गर्ने ब्राह्मण, क्षेत्री जातिमा परम्परागत रूपमा गाइँदै आएको मागल गीतको अध्ययनमा आधारित यस अध्ययनपत्रका मुख्य उद्देश्य निम्नलिखित रहेका छन्,

क) मागल गीतको मूल स्वरूपको सामान्य परिचय दिनु ।

ख) पुम्दीभुम्दी क्षेत्रमा प्रचलित मागल गीतको सङ्कलन र विश्लेषण गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली लोकसाहित्य लिखित साहित्यभन्दा जेठो साहित्य भएकाले यसका विषयमा टीका टिप्पणी हुने काम धेरै पहिलेदेखि हुनु स्वभाविक नै हो । लोकगीतको प्रारम्भ मानव जातिले भाषाको आविष्कार सँगै कुनै न कुनै रूपमा आफ्ना मनका सुखःदुःखको अभिव्यक्ति गर्ने क्रमबाटै भएको मानिन्छ । यस्तै लोकगीत मध्येको एक मागल गीतका बारे बोल्ने विद्वानहरूमा सत्यमोहन जोशी, कृष्णप्रसाद पराजुली, चूडामणि बन्धु, हुमकान्त पाण्डे आदि विशेष रहेका छन् । मागल गीतका बारेमा भएका पूर्व प्रयासहरूलाई निम्नलिखित रूपमा प्रस्तुत गर्न सकिन्छ ।

**क**) कृष्णप्रसाद पराजुलीले **नेपाली लोकगीतको आलोक** भन्ने पुस्तकमा मागल/माहाल शीर्षक दिएर मागलगीतका टुक्रा प्रस्तुत गरेको पाइन्छ (पराजुली,२०५६:२२५) ।

ख) विश्वप्रेम अधिकारीले **लोकसंस्कृति र लोकगीत** भन्ने पुस्तकमा माहल गीत शीर्षकमा माहल गीतमा मङ्गल कामना गरिएको भन्ने भनाइका साथै माहल गीतका केही टुक्रा समावेश गरेको पाइन्छ (अधिकारी,२०५७: ३९) ।

ग) चूडामणि बन्धुको **नेपाली लोकसाहित्य** भन्ने पुस्तकमा माँगल/महाल र सगुन भन्ने शीर्षकमा केही अंश सगुन आदिको रूपमा समावेश गरिएको पाइन्छ (बन्धु, २०५८: १५५) ।

हुमकान्त पाण्डेले **मागल** नामक कृतिमा डोटी, बझाङ, कालिकोट, जुम्ला, दैलेख, पाल्पा आदि स्थानमा पुगेर मागलका मूल रूप र मानक रूप सङ्कलन गरेर प्रकाशित गरेको पाइएको छ । यसका अतिरिक्त अन्य केही विद्वानहरूबाट लोकसाहित्यको तथा लोकगीतको चर्चा गर्ने क्रममा मागल गीतको छोटो चर्चा गरिएको पाइए तापनि हालसम्म पुम्दीभुम्दी क्षेत्रमा प्रचलित मागलका बारेमा भने विद्वानहरूको ध्यान पुग्न नसकेको स्थिति छ ।

## १.६ अध्ययनको औचित्य र महत्त्व

लोक संस्कृतिको पहिचान गर्ने महत्त्वपूर्ण आधारका रूपमा लोकसाहित्यलाई लिइन्छ । लोकसाहित्यले सामाजिक यथार्थको भावमय वा रागात्मक चित्रण गरेको हुन्छ । लोकसाहित्यको एक विधा लोकगीत र यसको पनि एक भेद संस्कार गीत हो । यसै संस्कार गीत अन्तगर्त पर्ने मागल गीत धेरै जस्तो ठाउँमा लोप हुने स्थितिमा छ । अतः यसैका

अध्ययनमा आधारित यस अध्ययन पत्रको महत्त्व स्वतः सिद्ध हुन्छ । लोप हुने अवस्थामा रहेको र अन्य अध्येताहरूको दृष्टि पुग्न नसकेका ठाउँकै मागलको सङ्कलन विश्लेषण गरिँदा त्यसप्रति जनचासो बढने हुँदा यस कार्यको औचित्य पनि सिद्ध हुन्छ ।

## १.७ अध्ययनको सीमा

प्रस्तुत अध्ययनपत्रको मुख्य क्षेत्र गण्डकी अञ्चल कास्की जिल्ला अन्तर्गत पोखरा उपमहानगरपालिका वडा नं. २५ पुम्दीभुम्दी हो । त्यस क्षेत्रका ब्राह्मण जातिको बाक्लो बस्ती छ र त्यहाँ विभिन्न थरि लोकगीत प्रचलनमा छन् । ती मध्ये मागल गीतको मात्र सङ्कलन र विश्लेषण गर्नु यस अध्ययनपत्रको सीमा हो ।

## १.८ अध्ययन विधि

लोकसाहित्यको अध्ययन गर्दा सामग्री सङ्कलन गर्नु मुख्य कार्य हो । सामग्री सङ्कलनको क्रममा स्थलगत अध्ययन विधि अंगालिएको छ र सैद्धान्तिक अध्ययनका क्रममा पुस्तकालय विधिलाई अवलम्बन गरिएको छ ।

## १.९ अध्ययनपत्रको सङ्गठन र रूपरेखा

प्रस्तुत अध्ययनपत्रलाई व्यवस्थित गर्नका लागि तल उल्लेख गरिए अनुसार यसको संगठन तयार गरिएको छ । अध्ययन पत्रको सङ्गठन तथा रूपरेखा निम्नलिखित रूपमा रहेको छ ।

क) अध्याय एक : परिचय

ख) अध्याय दुई : पुम्दीभुम्दीको परिचय

ग) अध्याय तीन : लोकसाहित्यमा मागल

घ) अध्याय चार : पुम्दीभुम्दीमा प्रचलित मागलको अध्ययन

ङ) अध्याय पाँच : उपसंहार

**सन्दर्भ सूची**

परिशिष्ट

१) पुम्दीभुम्दीमा सङ्कलित मागल गीतको सङ्कलन,

२) मागल गायिकाहरूको परिचय ।

# अध्याय दुई

# पुम्दीभुम्दीको परिचय

## २.१ भौगोलिक परिचय

नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने गण्डकी अञ्चलका विभिन्न जिल्लाहरू मध्ये मध्यपहाडी जिल्ला कास्की हो । कास्की जिल्लामा दुई वटा नगरपालिका र ३२ वटा गाउँ विकास समिति रहेका छन् । दुई वटा नगरपालिका मध्ये एक पोखरा उपमहानगरपालिका हो । यस नगरपालिकामा २८ वटा वडा छन् । यी मध्ये पुम्दीभुम्दी वडा नं. २५ हो । पहिला पुम्दीभुम्दी गा.वि. स. थियो तर २०७१ देखि यो एक नगरपालिका भएको छ ।

पुम्दीभुम्दी ८३° ४१' देखि ८३° ५९' पूर्वी देशान्तर तथा २८° ९' देखि २८° १३' उत्तरी अक्षांशसम्म फैलिएको छ । यस वडाको पूर्वमा पोखराको छोरेपाटन, दक्षिणमा कृस्ती र स्याङजाको फेदीखोला पश्चिममा आरुखर्क र उत्तरमा चापाकोट तथा फेवाताल पर्दछन् । पुम्दीभुम्दी समुन्द्र सतहदेखि ७३१ देखि २०५६ मिटरको उचाइसम्म रहेको छ । सवैभन्दा होचो भूभाग पिपलडाली हो भने सबैभन्दा अग्लो ठाउँ थाप्लेडाँडा हो । पोखराबाट स्याङजा जाने सिद्धार्थ राजमार्गले छोएको १५ कि.मि. बाटो यसै वडामा पर्दछ । अन्य ठाउँमा जाने कच्ची बाटाको सुविघा रहेको छ । यस ठाउँको मुख्य नदी फुस्रो खोला हो । अन्य साना साना खोलाहरू रहेका छन् । गाउँ निकै रमणीय पनि छ । यस गाउँबाट विभिन्न ठाउँ, ताल, हिमाल आदि देख्न पाइन्छ । यस पुम्दी भुम्दीमा प्रशस्त मात्रामा खेती योग्य जमिनका साथै अन्य पाखो, बारी, खरबारी र वनपाखाले युक्त जमिन छ । केही समथर केही भिरालो जमिन रहेको यस गाउँमा बाक्लो बस्ती रहेको छ । घनाबस्ती रहेका ठाउँहरूमा कोदी, दहरा ढुङ्गेपानी, टारीखेत, खाल्से, अनदु, सिमलटारी, डाडाँथोक, लुकुन्स्वाराँ, ठुलास्वाराँ, ठूलीबिडी, घुम्ती, बाँस्पानी, धारापानी, तिलाहर, पाल्ले, कालावाङ, काउरे, भुम्दी, ढावा, उल्लेरी, तारेभीर, चिसापानी आदि हुन् ।

## २.२ सामाजिक परिचय

पोखरा उपमहानगरपालिका-२५, पुम्दीभुम्दीमा विभिन्न जात जातिका मानिसहरूको बसोबास रहेको पाइन्छ । १,८३७ जम्मा घर सङ्ख्या रहेको यस वडामा ७,३९१ मात्र जनसङ्ख्या रहेको छ । यस मध्ये महिला ४,०३३ र पुरूष ३,३५८ रहेका छन् । विभिन्न गाउँ बस्तीमा छरिएर बसेका जातजाति एवं धर्मावलम्बीहरू निम्नानुसार रहेको पाइन्छ । हिन्दू धर्मावलम्बी ९०.५०% र अन्य ९.५०% धमालम्बी रहेको पाइन्छ । विभिन्न जातजातिहरूमा बाह्मण ४४%, क्षेत्री ९%, जनजाति २६%, बाँकी २१% रहेको पाइन्छ ।

यसरी धेरै जातजाति एवं भाषाभाषी भएको यस जनसमुदायका मानिस विभिन्न ठाउँमा छरिएका छन् तापनि मानिसहरूमा एकता रही आएको छ । चाडपर्व पनि सामूहिक रूपमा मान्ने गरेको पाइन्छ । जातिहरूमा एकआपमा समन्वय, सद्भाव एवं सहकार्य रहेको पाइन्छ ।

## २.३ आर्थिक परिचय

पोखरा उपमहानगरपालिका-२५ मा पर्ने यस पुम्दीभुम्दीका अधिकांश मानिस परम्परागत खेतीपाती र पशुपालनका साथै व्यावसायिक कुखुरा पालन, पसल, होटेल आदि व्यवसायमा निर्भर रहेको पाइन्छ । केही मानिस सरकारी कर्मचारी, शिक्षक, नेपाली सेना प्रहरी आदिमा लागेका छन् भने केही रोजगारीको सिलसिलामा विदेसिन बाध्य भएका छन् । अधिकांश युवाहरू साउदी, कतार, दुबई, मलेसिया, कुबेत, बराइन आदि देशहरूमा जाने गरेको पाइन्छ । खेतीपातीमा प्रमुख बाली धान मकै कोदो तोरी गहुँ आदि मुख्य पर्दछन् भने धेरै मानिसहरू व्यवसायिक तरकारी खेतीमा पनि लागिपरेका छन् । प्राचीन कृषि प्रणाली एंव पशुपालन यहाँका कृषकहरूको कृषि उत्पादनको मुख्य स्रोत हो भने आन्तरिक तथा बाह्य रोजगारीबाट कमाएको आर्जनमा पनि यहाँका बासिन्दा निर्भर देखिन्छन् ।

## २.४ शैक्षिक परिचय

यस पुम्दीभुम्दीमा जम्मा १५ वटा विद्यालय रहेका छन् , जसमा १ उच्च माध्यमिक विद्यालय, २ माध्यमिक विद्यालय, ४ निम्न माध्यमिक विद्यालय, ७ प्राथमिक विद्यालय र १ बोर्डिङ्ग (संस्थागत) रहेको छन् । यस क्षेत्रका विद्यालयहरूमा श्री शुकराज उच्च माध्यमिक विद्यालय, श्री महेश्वरी माध्यमिक विद्यालय, श्री ओख्लेडाडाँ माध्यमिक विद्यालय, श्री

भगवती निम्न माध्यमिक विद्यालय, श्री दूर्गा निम्न माध्यमिक विद्यालय, श्री लक्ष्मी निम्न माध्यमिक विद्यालय, श्री लीला निम्न माध्यमिक विद्यालय, श्री अनदु प्राथमिक विद्यालय, श्री कालिका प्राथमिक विद्यालय, श्री गौरी प्राथमिक विद्यालय, श्री पोखरा दर्शनीयस्थल प्राथमिक विद्यालय, श्री युवा ज्योति प्राथमिक विद्यालय, श्री सरस्वती प्राथमिक विद्यालय, श्री चण्डी प्राथमिक विद्यालय र आमाघर पाठशाला बोर्डिङ्ग  रहेका छन् । यति धेरै विद्यालय भए तापनि विधार्थी धेरै राम्रो शिक्षाको लागि पोखरा नै जाने गर्दछन् ।

## २.५ सांस्कृतिक परिचय

यस पुम्दीभुम्दीमा वसोबास गर्ने विभिन्न जातजातिहरू फरक फरक समुदायका छन् । तिनीहरूले आ-आफ्नै सांस्कृतिक पर्वहरू पनि मनाउने गरेका छन् । यस गाउँमा अधिकांश मात्रामा बाह्मण र अन्यमा गुरुङ्ग, विक, परियार, भुजेल आदि मानिसहरूको बसोबास रहेको छ । मुख्य चाड विजयादशमी (वडा दशैं), तिहार (दीपावली), हरितालिका तीज, ऋषिञ्चमी, ऋषितर्पणी, श्रीकृष्ण जन्माष्टमी मुख्य हुन् भने महाशिवरात्री, फागुपूर्णिमा, चैतेदशैं अक्षयतृतीया, चण्डीपूर्णिमा, साउने सङक्रान्ति जस्ता महत्त्वपूर्ण चाड पर्व पनि मनाउने गरेको पाइन्छ ।

## २.६ धार्मिक स्थल

पुम्दीभुम्दी एक धार्मिक गाउँ हो । यहाँका मानिसहरूले धर्ममा बढी रूचि राख्ने गरेको पाइन्छ । यस गाउँमा रहेका मुख्य मुख्य मन्दिरहरूमा दहरा देवीको मन्दिर, कालिकाको मन्दिर, पुम्दी कोट, शिव मन्दिर, देवी मन्दिर, भुम्दी कोट, बराह मन्दिर, बराल कुलदेवताको मन्दिर, सिद्धबाबा मन्दिर, महादेबकोट मन्दिर, देउराली मन्दिर, दुर्गा मन्दिर, साङङघ ध्येजुङलिङ गुम्बा आदि रहेका छन् ।

# अध्ययन तीन

# लोकसाहित्यमा मागल

## ३.१ लोकसाहित्यको परिचय

मानव सभ्यताको इतिहास देखिको विकास सँगसँगै साहित्यको पनि बिकास भएको हो । प्राचीन कालदेखि नै लोकजीवनले आफ्ना अभिव्यक्तिहरू गायनका रूपमा कथा सुनाएर टुक्का भन्दै अनि पहेली गर्दै र ठट्टा गर्दै यस परम्परालाई जीवन्त बनाएको देखिन्छ । हाम्रो देश आकारमा सानो भएता पनि यसका मायालु पोल्टाभित्र विविध जनजातिका नरनारीलाई अटाएको छ । आ-आफ्ना ठाउँमा छरिएर रहेका यी नेपाली नर नारीहरूले पुस्तौदेखि ऋतु पर्वमा मेलापात गर्दा घाँसदाउरा गर्दा, गोठालो जाँदा अनि अनेकौँ अवसरमा आफ्नो मनोरञ्जनका निम्ति तथा थकान मेट्न अनेक विरह, वेदना, आँसु हाँसोका मधुर सुसेलीहरूका लयात्मक ध्वनिहरूलाई गुञ्जायमान बनाउन पूर्णरूपमा सफल भैरहेका छन् । यो प्रक्रिया परम्परादेखि जीवन्त छ । यी लयात्मक गानाहरू, कथा, गाथाका रूपमा शीतल हिमाली बतासको कोमल स्पर्शले, पर्वतीय कन्दराभित्र ठोक्किई फर्कने सुमधर सुसेलीले पाखापखेराबाट लाडिदै ओर्लने नदीनालाका कलकल मधुर ध्वानिले तथा हिमाल, भित्री मधेश एवं तराई प्रदेशका मादक पवनले अनुप्रणित छन् । यस प्रक्रियाबाट लोक साहित्यमा मानवीय जीवनसँगै अगाडि बढेको देखिन्छ ।

प्राचीनतम् कालदेखि लोक साहित्य विद्यमान छ । लोक शब्दको प्रयोग ऋग्वेद, उपनिषद्, पौराणिक ग्रन्थहरूमा भएको पाइन्छ । लोकको एउटा अर्थ सम्पूर्ण विश्वब्रह्माण्ड र अर्को अर्थ जनसामान्य भन्ने लगाइएको पाइन्छ । लोकसाहित्य भनेको लोकको हितमा सिर्जित साहित्य हो । यसको स्रोत भनेको मूलरूपमा अपठित, असचेत, अशिक्षित जनता नै हुन् । यिनीहरूले दिएको चीज नै लोकसाहित्य हो, जसमा उनीहरूको वाणी, इतिहास, संस्कृति र परम्परा घुलमिल भएको हुनाले यो मौखिक पारम्पारिक हुन्छ । यसमा अनुभवको प्राचुर्य भएकाले समस्तलोकका क्रिया प्रतिक्रियाहरूको प्रतिबिम्बन हुन्छ । लोक साहित्य लोक जीवनको ऐना हो । जीवन भोगाइका क्रममा हाँसो खुसीसँगै मनाइने विभिन्न संस्कार, पर्व, उत्सव, ऋतु, महिना आदिमा मनोरञ्जन प्राप्त गर्ने माध्यम वा आधार नै लोक साहित्य हो । यसले नेपाली भाषालाई व्यापक र बिस्तार गराउनुका साथै विभिन्न भाषिकाको विकासमा

पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । लोक साहित्यमा पौराणिक कथा, टुक्का, गीत, पद्य आदिको सरल, सहज रूपमा बाहुल्य भएको हुन्छ । यसले जातिगत साम्प्रदायिक एकताको भावना फैलाउनुका साथै परम्परात्मक राम्रा पक्ष, नराम्रा पक्ष, धनी, गरीब आदि सम्पूर्ण पक्षको चित्रण गर्नुका अतिरिक्त पुरानो सभ्यताको बोध गराएको हुन्छ । लेख्य सिर्जित साहित्यको जननी पनि लोक साहित्य नै भएकाले यो हार्दिक सहज हुनाका साथै स्वतः स्फूर्त परम्परामा हुर्किरहेको हुन्छ । यसलाई कसैले जनसाहित्य र ग्रामसाहित्य पनि भन्ने गरेका पाइन्छ । समग्रमा मौखिक परम्परामा जनश्रुतिमा परम्परित 'बुढामरे भाषा सरे' भन्ने उखानलाई चरितार्थ गर्दै कृति भन्न नसकिने हरेक समाजको सुख, दुःख, व्यथा वेदना, हाँसो खुसी आदि क्षणले भरिएको समाजको साझा सिर्जनाका रूपमा झुल्कदै आएको प्रवाहमय रूपमा बगेको समाजको साहित्य नै लोकसाहित्य हो ।

## ३.२ लोकसाहित्यको परिभाषा र विशेषता

### क) लोकसाहित्यको परिभाषा

लोक साहित्यलाई विभिन्न विद्वान्हरूले आ-आफ्नै रूचि अनुसार परिभाषित गरेका छन् । ती मध्ये केही परिभाषाहरू यहाँ उल्लेख गरिएको छ ।

"सभ्यताको प्रभावबाट टाढा रहने आफ्ना सहजवस्थामा वर्तमान जो निरक्षर जनता हो, उसका आशा-निराशा हर्ष-विस्मात्, जीवन-मरण, लाभ-हानि र सुख दुःखको अभिव्यञ्जना जुन साहित्यमा प्राप्त हुन्छ, त्यसैलाई लोकसाहित्य भनिन्छ (उपाध्याय, इ.स. १९८०: २४) ।"

"वास्तवमा लोकसाहित्य त्यो साहित्य हो जसमा नेपालीहरूको विशुद्ध लोक संस्कृति छ, उन्नत कला छ, आफ्नैपनको शैली छ- अझ यस नेपाली लोकसाहित्यमा सत्यम् शिवम् सुन्दरम्को रुपमा नेपाली नृत्य नेपाली सङ्गीत र नेपाली कविता पनि छ-सवै नेपाली छन्द, नेपाली लय, नेपाली सुर र नेपाली भावमा ढालिएका छन् (जोशी, २०१४: १९०) ।"लोकले सजिलै बुझन र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो (थापा र सुवेदी, २०४१: ३) ।"

अतः निष्कर्षमा भन्नुपर्दा- लोकले अनुभूत गरेका जीवनका तीता मीठा अनुभूति तथा परिस्थिति अनुकूलका प्रतिक्रिया, दुःख-सुख, हर्ष र विस्मात सबै जीवित परम्परा लोकसाहित्यमा अकृत्रिम रूपमा प्राप्त हुन्छन् । लोकसाहित्य समाजमा अलिखित रूपले

जीवन्त रहेको छ । यो एकबाट अर्कोलाई भन्दा भन्दै जीवित रहेको हो । यसलाई  लिखित रूप पनि अहिले दिन थालिएको छ  ।

**ख) लोकसहित्यका विशेषता**

लोकसाहित्य एक व्यापक रूप हो, जसभित्र अन्य विविध विधाहरू पर्ने हुन्छन् । यो साहित्य लेख्यभन्दा पुरानो साहित्य पनि हो । यो लेख्य साहित्यभन्दा कतिपय लक्षणमा फरक पनि छ । लोकसाहित्यका विशेषतालाई बुदाँगत रूपमा निम्नानुसार उल्लेख गर्ने गरिन्छ ।

१) मौखिक परम्परामा हुर्किएकाले रचनाकार अज्ञात हुनु ।

२) मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुनु ।

३) लोकसंस्कृतिमा भिजेको हुनु ।

४) जन हृदयको साझा अभिव्यक्ति हुनु ।

५) समसामयिकताको प्रभाव पर्नु ।

६) सहज, आलङ्कारिता र सरलता हुनु ।

७) कालक्रमिक ढङ्गमा रूपान्तरण, परिमार्जन र संशोधन हुनु ।

८) लचिलो, गतिशीलता, स्वच्छन्दता र पुनरावृत्ति हुनु ।

९) समुदायको आफ्नै भाषा र अभिव्यक्ति वहन गर्नु ।

## ३.३ लोकसाहित्यको विधागत वर्गीकरण

साहित्यलाई अङ्ग्रजीमा (Literature) लिट्लेचर भनिन्छ । साहित्य शब्द 'सहित' मा ष्यञ् (य) प्रत्ययको योगबाट साधित शव्द हो (पराजुली, २०४९: २५) यसको अर्थ शव्द र अर्थको यथावत सहभाव रहने क्रिया हो । अतः साहित्यको अर्थ निकै फराकिलो रहेको पाइन्छ । साहित्यलाई पूर्वीय चिन्तन परम्परामा काव्य शब्दले पनि बोध गरिन्छ र त्यसलाई श्रव्यकाव्य र दृश्यकाव्य गरी वर्गीकरण गरेको पाइन्छ भने कतै लिखित र अलिखित त कतै संस्कार मूलक रूपमा र विषयवस्तुका आधारमा पनि लोक साहित्यलाई वर्गीकरण गरेको पाइन्छ । लोक साहित्यका विधाहरूलाई विभिन्न विद्वान्हरूले फरक फरक तरिकाबाट वर्गीकरण गरेका छन् । चूडामणि बन्धुले लोकसाहित्यका विधाहरूमा लोकगीत, लोककविता, लोककाव्य, लोकगाथा, लोकनाटक, लोककथा, उखान र टुक्काहरू एवं पहेली गरी वर्गीकरण गरेका छन् (बन्धु, २०६६ : २७-३०) । मोतीलाल पराजुलीले भाषिक अभिव्यक्ति,

प्रस्तुतीकरण, संस्कार वा अनुष्ठान र विषयवस्तुका आधारमा लोक साहित्यको वर्गीकरण गरेका छन् (पराजुली, २०४९: ७) । विभिन्न विद्वानहरूले लोक साहित्यलाई आ-आफ्नै रुचि एवं धारणा अनुसार वर्गीकरण गरेको पाइन्छ । तिनैलाई आधार मान्दै लोक साहित्यका विविध विधाहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

| | | |
|---|---|---|
| क) लोकगीत | ख) लोककविता | ग) लोककाव्य |
| घ) लोकगाथा | ङ) लोकनाटक | च) लोककथा |
| छ) उखान | ज) टुक्का | झ) पहेली |

## ३.४ लोकगीत : परिचय र परिभाषा

### क) परिचय

लोक साहित्यको उर्वर पद्य विधा लोकगीत हो । लोक र गीत शब्दको योग भई लोकगीत शब्द निर्माण भएको हो । लोकगीत लोकले गाउने मौखिक परम्परा मा प्रचलित गीत हो । जो अङ्ग्रेजीको फोकसङ (folk song) को प्रर्यायको रूपमा आएको पाइन्छ । यसलाई लोकगीत, ग्रामगीत, जनगीत र गीत पनि भनिन्छ (शर्मा,२०५०:७७) ।

लोक जनसाधरणको समष्टि सिङ्गो रूप हो । लोकसमाजमा मौखिक रूपमा जीवित रहेको गीत नै लोकगीत हो । गीत गाउन सकिने रचना हुनाले यसलाई अङ्ग्रेजीमा लिरिक ( Lyric) भनिन्छ । यसमा खास भाव बिचार प्रक्रिया वा मानसिक अवस्थाको तीब्र अभिव्यक्ति हुने गर्दछ । लोकगीत लोकले गाउने मौखिक परम्परामा प्रचलित गीत भएकाले लोकजीवनमा अत्यन्तै प्रचलित र प्रसिद्ध छ ।

लोकगीत नदीको प्रवाहमय गति जस्तै हुन्छ, जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ । यसले गाउँले वा ग्रामीण समाजलाई मात्र प्रभाव नपारी समग्र रूपमा मानव समुदायलाई नै प्रभावित गर्ने काम गर्दछ । मनको वेदना धुने काम लोकगीतले गर्दछ । लोकगीतमा आवश्यकतानुरूप नृत्य र बाजाको समेत मिलन हुने गर्दछ ।

### ख) लोकगीतको परिभाषा

लोकगीतलाई चिनाउने वा परिभाषित गर्ने नेपाली लोकसाहित्यका विद्वान तथा अन्य साहित्यिक व्यक्तित्वहरूले आ-आफनै किसिमबाट यसलाई परिभाषित गर्ने गरेको पाइन्छ । अतः यहाँ निम्नानुसार लोकगीतको परिभाषा र विद्वानहरूको नाम उल्लेख गरिन्छ ।

१. "कसैका वक्सिस, लोभ, आशा र स्वार्थमा नपरेका नरनारीहरूका दुःखित, पीडित, आक्रान्त, उद्विग्न, सम्भ्रान्त, त्रस्त, जागृत, प्रफुल्लिता, हर्षित, संयुक्त, वियुक्त, अनादरित र आदरितसमेत जो कोही जाति, व्यक्ति, लिङ्ग, समाज र उमेरका मानिसले कुनै पुस्तकीया बन्धनले बद्व बनाएको जो गीत हो, त्यही नै लोकगीत हो।" (पन्त, २०३३ : ११२)।

२. "चोखो लय र शब्दको प्रभाबबाट उठी जनजीवनलाई प्रभाब पार्न सक्षम भएको छ लोकगीत, यसैले मानवसिर्जनाको पहिलो प्रस्फुटन लोकगीत नै हो" (थापा, २०३० : ख)।

३. "लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दुःख- सुख, आसुँ-हाँसो, आशा मान्यताहरूको चित्रण हुन्छ" (बन्धु २०५८ : ११५)।

४. "लोकले मौखिक रूपमा जीवित राखेको लोकहृदयको स्वतस्फूर्त लयात्मक अनि गेय अवैयक्तिक अभिव्यक्ति लोकगीत हो" (न्यौपाने ,२०७० : ३)।

लोकगीत लोकजीवनका दुःख सुखका कुरालाई व्यक्त गर्ने माध्यम हो । लोक भाबना वा विचारको मौखिक एवम् श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवेयक्तिक भाषिक संरचनालाई लोकगीत भनिन्छ । लोकगीतले दुःखी मनलाई आनन्दित तुल्याउने काम गर्छ।

## ३.५ लोकगीतको वर्गीकरण

विभिन्न विद्ववानहरूले लोकगीतको वर्गीकरण फरक फरक ढङ्गले गरेका छन् । यहाँ कुसुमाकर न्यौपानेका अनुसार लोकगीतको वर्गीकरण निम्न अनुसार दिइएको छ ।

### १ भूगोलका आधारमा लोकगीतका प्रकार :

लोकगीतका गायकगायिकाले गाएका कतिपय र लोकगीतका भाकाले कुनै भूभागको प्रतिनिधित्व गरेका हुन्छन् । ठाउँअनुसारको भाका फरक फरक हुने पनि गदर्छ । नेपालका विभिन्न क्षेत्रका लोकगीतका प्रकारलाई यसरी छुटट्याएर देखाउन सकिन्छ ।

१) पूर्वाञ्चलका लोकगीत

२) मध्यमाञ्चलका लोकगीत

३) पश्चिमाञ्चलका लोकगीत

४) मध्य पश्चिमाञ्चलका लोकगीत

५) सुदूर पश्चिमाञ्चलका लोकगीत

६) लमजुङे भाका

७) आँधीखोले भाका

८) पैयुँखोले भाका

९) घुम्टेको भाका आदि (न्यौपाने, २०७० : १९) ।

**२) जातिका आधारमा लोकगीतका प्रकार :**

लोकगीत प्रायः सबै जातिका मानिसले गाउने गर्दछन् । त्यस्ता लोकगीतमध्ये कुनै लोकगीत सबै जातिका लोकगीत बनेर चिनिएका हुन्छन् मने कुनै लोकगीत निश्चित जातिविशेषका लोकगीत बनेर परिचित घन् । निश्चित जातिविशेषका लोकगीत बनेर चिनिएका लोकगीतले ती जातिको प्रतिनिधित्व गरेका हुन्छन् । यस्तै किसिमले जातिका आधारमा लोकगीतलाई छुट्ट्याउने हो भने लोकगीतका भेद यस प्रकारका पाइन्छन् ।

१) गन्धर्वगीत (मङ्गल, राग, हँस्यौली )

२) बाहुनगीत (भजन, खेली, कीर्तन )

३) छेत्रीगीत (खाडो)

४) मगरगीत (कौरा, सेंदो)

५) गुरुङगीत (छ्याँदु, भेलौरै)

६) गुरुङमगरगीत (सालैजो, यानिमयाँ, सुनिमयाँ)

७) माझीगीत (शोकगीत वा विधि)

८) दुरागीत (दुराभाका)

९) दमाई गीत (कराँत)

१०) तामाङ गीत (सेलो) (न्यौपाने,२०७०:२०) ।

**३) उमेरका आधारमा लोकगीतका प्रकार :**

लोकगीत विभिन्न उमेरका मानिसले गाउँछन् । बाल-बालिकाले अर्थविहीन एवम् अर्थयुक्त दुवैखाले लोकगीत गाउँछन् भने युवायुवतीहरूले प्रायः आफ्नै प्रकारका प्रेमपरक लोकगीत गाउने गर्दछन् । बूढाबूढीले भने छिटोभन्दा ढिलो लयका भक्ति एवम् विरक्तिका

लोकगीत गाउँछन् । नेपाली लोकगीतलाई ध्यानमा राखेर लोकगीतका प्रकारलाई उमेरका आधारमा यसरी छुट्ट्याउन सकिन्छ ।

१) बालगीत (ची मुसी ची आदि)

२) युवागीत (प्रेमपरक गीत, संयोगवियोगका गीत, खेलीगीत, चुड्का गीत आदि)

३) वृद्धगीत (मागल, सुनिमयाँ, मालश्री आदि )

**४) लिङ्गभेदका आधारमा लोकगीतका प्रकार :**

लोकगीत गाउने व्यक्ति नारी एवम् पुरुष दुवैथरी हुन्छन् । तीमध्ये कुनै लोकगीत नारीले मात्र गाउँछन् अनि कुनै लोकगीत पुरुषले मात्र गाउँछन् कुनै दुबैले गाउछन् । यस्ता गीत निम्न छन् ।

१) नारीगीत (जन्माष्टमीगीत, तिजे गीत, पञ्चमीगीत, भैली, वाली, मागल, रत्यौली आदि)

२) पुरुषगीत (भैलो, देउसी, दाइँगीत, कौरा गीत आदि)

३) नारीपुरुषगीत (नारीपुरुषले गाउने दोहोरी)

**५) सहभागिताका आधारमा लोकगीतका प्रकार :**

लोकगीत गाउने कार्यमा सहभागी व्यक्तिमध्ये कुनै लोकगीतको गायनमा एकजनामात्र व्यक्ति सहभागी भएको हुन्छ, कुनैमा दुईजना सहभागी भएका हुन्छन् भने कुनैमा समूहमा नै गाइन्छ । त्यसैले यसरी छुट्ट्याइएको छ ।

१) एकलगीत (दाइँगीत, खाँडो, गाथा आदि)

२) युगलगीत (दोहोरी सिलोक र दोहोरी फागु गीत आदि)

३) सामूहिक गीत (सैँदो, सराएँ आदि)

**६) प्रस्तुतिका आधारमा लोकगीतका प्रकार :**

लोकगीत गाउँदा अर्थात प्रस्तुत गर्दा बाजा र नृत्यको पनि भूमिका हुन्छ । कुनै गीतमा नृत्य, बाजा आवश्यक पर्छ भने कुनैमा नृत्य र बाजा आवश्यक पर्दैनन् । प्रस्तुतिका आधारमा लोकगीतका प्रकारलाई यसरी देखाउन सकिन्छ ।

१) शुद्धगीत (मागल, जेठे, असारे, दाइँ गीत आदि)

२) वाद्यगीत (गन्धर्वगीत आदि)

३) नृत्यगीत (रत्यौली गीत आदि)

४) वाद्यनृत्यगीत (कौरा गीत आदि)

**७) विषयका आधारमा लोकगीतका प्रकार :**

लोकगीतमा कुनै न कुनै विषय हुन्छ । त्यो विषय समाज र यसका विविध पक्षसित सम्बन्धित हुन्छ । तिनलाई नियालेर हेर्दा कुनै लोकगीतमा धर्मलाई विषय बनाइएको हुन्छ, कुनैमा संस्कारलाई विषय बनाइएको हुन्छ । कुनैमा पर्व, कुनै कर्म आदि विषय बनाइन्छ । त्यसैले विषयका आधारमा लोकगीतका प्रकारलाई यसरी छुट्ट्याएर देखाउन सकिन्छ ।

१) धार्मिक गीत (कीर्तन, भजन, आरति, मालसिरी आदि)

२) सांस्कारिक गीत (मागल, मङ्गल, खाँडो, रत्यौली, गाथा आदि)

३) पार्विक गीत (जन्माष्टमी गीत, तिजेगीत, पञ्चमी गीत आदि)

४) कर्मगीत (असारे, साउने, भदौरे, दाइँगीत आदि)

**८) आकारका आधारमा लोकगीतका प्रकार :**

लोकगीत विभिन्न आकारका हुन्छन् । कुनै लोकगीत छोटो आकारका हुन्छन् भने कुनै लामो आकारका हुने गर्दछन् । आकारका आधारमा लोकगीतका प्रकारलाई यसरी देखाउन सकिन्छ ।

१) लघुतम् गीत (ख्याली, टुक्का, गीतका स्थायी आदि)

२) लघु गीत (खेली, गल्लालाउरे, रत्यौली आदि)

३) मध्यम गीत (बारमासा, देउसी, भैली आदि)

**९) गायनसमयका आधारमा लोकगीतका प्रकार :**

लोकले लोकगीत गाउनका निम्ति निश्चित समय तोकेको हुन्छ । समय अनुसारको फरक-फरक समयमा फरक-फरक गीत गाउने गरिन्छ । लोकगीतलाई गायन समयका आधारमा यसरी छुट्ट्याएर अध्ययन गरिन्छ ।

१) बिहानको गीत (आरति, प्रभाति, बिहानको प्रार्थना आदि)

२) दिउँसोको गीत (दिउसोको प्रार्थना आदि)

३) साँझको गीत (आरती, साँझको प्रार्थना आदि)

४) रातिको गीत (रातिको प्रार्थना आदि)

५) सदाकालिक गीत (खेली, गल्लालाउरे आदि मनोरञ्जनमूलक गीत)

**१०) गायन अवसरका आधारमा लोकगीत प्रकार :**

कतिपय लोकगीत निश्चित अवसरमा मात्र गाइन्छन् भने कुनै लोकगीत बाह्रै महिना जुनसुकै समयमा गाइन्छन् । सम्बन्धित अवसरको लोकगीत अन्य अवसरमा गाउन हुँदैन् । त्यसैले कुनै लोकगीत संस्कार गर्दामात्र गाइन्छन् भने कुनै लोकगीत पर्वविशेषमा मात्र गाइन्छन् । यस्तै कुनै लोकगीत काम गर्दा अर्थात् कार्य गर्दा गाइन्छन् भने कुनै लोकगीत बाह्रै महिना गाइन्छन् । यिनै पक्षलाई मनन गर्दा लोकगीतलाई यसरी छुट्टयाएर देखाउन सकिन्छ् ।

१) सांस्कारिक गीत (मागल, मङ्गल, सिलोक आदि)

२) पर्वगीत (जन्माष्टमीगीत, तिजेगीत, पञ्चमीगीत, मालसिरी आदि)

३) कर्मगीत (जेठे, असारे, साउने गीत आदि)

४) मनोरञ्जनमूलक गीत (सालैजो, सुनिमयाँ, बालगीत, गल्लालाउरे आदि)

**११) प्रकार्यका आधारमा लोकगीतका प्रकार :**

प्रकार्यका आधारमा लोकगीतको वर्गीकरण गर्दा लोकगीत किन गाइन्छन् भन्ने प्रश्नको उत्तर दिनुपर्ने हुन्छ । प्रकायका आधारमा लोकगीतका प्रकारलाई यसरी छुट्ट्याउन सकिन्छ ।

१) मनोरञ्जनमूलक गीत (बाह्रमासे गीत, बालगीत आदि)

२) श्रमगीत (असारे, भदौरे, दाइँ, भारी उचाल्ने गीत आदि)

३) पर्वगीत (जन्माष्टमीको गीत, तिजे गीत, मालसिरी,भैली, भैलो, देउसी गीत आदि)

४) संस्कारगीत (छैटी गीत, व्रतबन्धको मागल, विवाहको मागल गीत आदि)

५) धार्मिकगीत (भजन, खेलीभजन, चुड्का, कीर्तन आदि)

### ३.६ लोकगीतका तत्वहरू

एउटा लोकगीतका विभिन्न तत्त्वहरू हुन्छन्, तिनले लोकगीतलाई रूप दिन्छन् र चिनाउँछन् पनि ती तत्व यसप्रकार मानिएका छन् ।

१. संरचना

२. लय

३. गेयता

४. कथन पद्धति

५. भाषा

६. भाव (पराजुली, २०५७ : ७६) ।

### ३.७ लोकगीतका विशेषताहरू :

लोक साहित्यको एक प्रमुख विधा लोकगीत हो । यसमा मानवीय भावनाको रागात्मक अभिव्यक्ति हुन्छ । दुःख सुख घोलिएर व्यक्तिन्छ । गाउँ समाजमा बोलिने पुराना मैलिक ठेट शब्दहरूको संरक्षण पनि लोकगीतले गर्छ । यस्ता नेपाली लोकगीतका बिशेषताहरू निम्नानुसार मानिएका छन् ।

१) मौखिक परम्परा

२) सामूहिक भावभूमि

३) सर्जक अज्ञात

४) अकृत्रिमता तथा यथार्थता

५) सरलता

६) लयगत विविधता

७) लोकतत्वको प्रयोग

८) सङ्गीतात्मकता

९) स्वतन्त्रता र स्वच्छन्दता

१०) सङ्क्षिप्तता

११) विषयगत विविधता

१२) पुनरावृत्ति (न्यौपाने,२०७०:१०) ।

## ३.८ मागल परिचय

विभिन्न माङगलिक उत्सवहरूमा गाइने विशेष प्रकारको गीतलाई मागल गीत भनिन्छ । शुभ कार्य सम्पन्न गर्दा सम्बन्धित व्यक्तिहरूले मङ्गलकामना गरी गाइने गीत नै मागल गीत हो । 'माङ्गलिक अवसरमा महिलाले मङ्गलकामनाका साथ गाउने एक प्रकारको गीत मागल हो (न्यौपाने, २०७०: १३३ ) । मागल मङ्गल शब्दको अपभ्रंश रूप मागल हो । यसलाई मागल/माहाल/महाल/माल/माहल पनि भनिन्छ । यो गीत जन्म, छैंटी न्वारन, चूडाकर्म, व्रतबन्ध, विवाह आदि संस्कारहरूका साथै घरको जग राख्दा, गृह प्रवेश गर्दा, जग्गे लिप्दा, रेखी हाल्दा, विवाहको साइत गर्दाका अवसरमा पनि गाइन्छ । यो गीत संस्कार र अवसर अनुसार विभिन्न किसिमको हुन्छ । यो गीत गाउने प्रायः प्रौढ वृद्धा महिलाहरू हुन्छन्, कही कतै पुरूषहरूले पनि गाउँछन् । यो गीत लामो लयमा र ढिलो गरी दोहोऱ्याएर गाइन्छ । यस गीतमा वाद्य र नृत्य हुँदैन ।

यसैगरी धार्मिक संस्कारयुक्त कार्य कुलदेवता एवं अन्य देवी, देवता, श्रीखण्ड, पिपल, गाई र वृक्षवनस्पतिसँग सम्बन्धित मागल पनि पाइएका छन् । तिनमा आशीर्वादात्मक भावका साथै अनुनययुक्त महिमा गान अधिक मात्रामा पाइने हुन्छ (पाण्डे, २०७०: २) ।

यस्तै मागल गीतका बारे विभिन्न विद्वानहरूले विभिन्न किसिमले आफ्ना धारणा राखेका छन् । ती मध्ये केही यस प्रकार छन् ।

## ३.९ मागलको परिभाषा

१. जन्म, छैटी, न्वारन, चूडाकर्म, व्रतबन्ध र विवाह जस्ता संस्कारहरूमा नेपाली नारीहरूले एक प्रकारको गीत गाउँछन् । यसलाई मागल पनि भनिन्छ (बन्धु, २०६६: १५५) ।

२. बालो जन्मदेखि अन्य संस्कार तथा गृह निर्माण, तीर्थयात्रा आदिसम्मका अवसरमा सौभाग्यवती नारीहरूले मागल गाउँछन् (पराजुली, २०५७ : २२५) ।

३. चोखो हार्दिकताको परिचायक, निश्छल मानवीय अभिव्यक्ति एवं आत्मीय सद्भावका गीति सुसेलीहरू नै मागल हुन् (पाण्डे, २०७०: ३) ।

वाद्य र नृत्य विनाको सामूहिक गायन लामो लय, ठाडो भाका, माङ्गलिक भाव, स्त्रीहरूले गाइने यस गीत मुख्य गरी विवाह र व्रतबन्धमा सबै दिदीबहिनी जम्मा भएर गाइने गीत हो ।

### ३.१० मागलका प्रकार

मागल गीत मान्छे जन्मेदेखि मृत्युसम्मका विभिन्न संस्कारहरूमा तथा देवदेवीको महिमा गानमा समेत गाइने हुनाले सोही अनुसार यसका प्रकारको पनि सङ्केत गर्न सकिन्छ । जस अनुसार मागल कृतिमा हुमकान्त पाण्डेले मागल गीत र गाथा सम्बन्धी चर्चा गर्दै निम्नलिखित सन्दर्भका मागल प्रस्तुत गरेका छन् ।

१ संस्कार कर्मसँग सम्बन्धित

क. सन्तान जन्मदाको मागल

ख छैटीको मागल

ग न्वारनको मागल

घ. बालो नचाउने मागल

ङ आशीर्वाद

च व्रतबन्धको मागल

छ विवाहको मागल

ज. हदेली पखाल्दाको मागल

झ. कर्को

२ देवदेवीका महिमा र भक्तिभावसँग सम्बन्धित

क मष्टको मागल

३ वृक्ष वनस्पतिको

क . सिलिङ्गडालीको मागल (पाण्डे, २०७०: २) ।

### क. सन्तान जन्मदाको मागल

मागल गीत विभिन्न अवसरमा गाइन्छ ती मध्ये एक हो सन्तान जन्मदाको मागल । गर्भवासको समय पुगेपछि स्वस्थ सन्तान सहज रूपमा जन्मदा जन्मदाता आमा एवं घरपरिवारका सदस्य तथा शुभचिन्तक इष्टमित्रहरू सबै खुसी हुन्छन् । आमालाई बधाई दिँदै र सन्तानको दीर्घायुको कामना गर्दै मागल गीत गाइन्छ ।

*बालैका कुर्कुच्चा मैले त देखिन*

*बालैका कुर्कुच्चा कुखुरीका फुल* (जस्ता)

*बालैका औँलाहरू मैले त देखिन*

*बालैका औँलाहरू सर्पैको मुरली*

*बालैका पैताला मैले त देखिन*

*बालैका पैताला मौरीका प्वाँख* (पाण्डे, २०७०: २०) ।

**ख छैटीको मागल**

बालक जन्मेको छैटौँ दिनमा गरिने संस्कार कर्मलाई आम रूपमा छैँटी वा षष्ठी कर्म भनिन्छ भने पश्चिम नेपालका पहाडी क्षेत्रमा छैठ भनेर पनि जानिन्छ । बालकको दीर्घायु र सुस्वास्थ्यको कामनासहित देवपूजन गरिन्छ । यही रात भाविले बालकको भाग्य लेख्छ भन्ने विश्वास छ । यसै क्रममा गाइने मागल तल प्रस्तुत गरिएको छ ।

*बस बस पारबता माझै चौका बस*

*देवी बसेकी छन् माझै चौका बस*

*शिरमा घुम्टो पैरिएर माझै चौका बस*

*गलामा माला पैरिएर माझै चौका बस*

*कागत कलम समाई भाविले लेख्दैछन् ।* (पाण्डे, २०७०: २८) ।

**ग न्वारनको मागल**

शिशु जन्मिएको एघारौं दिनमा गरिने संस्कारलाई न्वारन भनिन्छ । फरक फरक जाति र परम्परामा न्वारन गरिने दिन फरक पनि हुनेगर्दछ । यस दिन बालकको नामाकरण गरिन्छ । यस अवसरमा गाइने मागललाई न्वारनको मागल भनिन्छ । बालकको दीर्घायु र सुस्वास्थ्यको कामनासहित मागल गाइन्छ । यसै क्रममा गाइने मागल तल प्रस्तुत गरिएको छ ।

*अहिलेका बाजा बजे सप्रिएका जस्ता*

*कि त मेरा भाइले रण जिती आयो*

*कित मेरा भइले जमिन बकस पायो*

*कि त मेरा भाइले छोरो वर पायो ।*

*पटाङ्गिनी ढकढकायो लौरी पनि बज्यो कुनै पाहुनो आयो ?*

*वरदेशी परदेशी कोही हैनौं फुपूज्युलाई खबर गर्न आयौं ।*

*अपुता राजालाई छोरो भयो सोही खबर लिई आयौं ।* (पाण्डे, २०७०: ३०) ।

## घ. बालो नचाउने मागल

न्वारन कर्मकै सन्दर्भमा बालकलाई काखमा लिई नचाए बालक नतर्सने, आत्मविश्वासी तथा भूतप्रेतको छाँयाबाट मुक्त हुने विश्वास गरिन्छ । त्यही कार्यलाई बालो नचाउने भनिन्छ र त्यही समयमा यो मागल गाइन्छ ।

*आकासका आकासे देवता तिमी दाहिना भए*
*हाम्रा बाला कृष्णज्यूका शिरमाथि रहे*
*बाह्र भाइ मष्ट तिमी दाहिना भए*
*नवदुर्गा भवानी तिमी दाहिना भए*
*हाम्रा बाल कृष्णज्यूको रक्षा गरिरहे*
*गाउँका भूत प्रेत तिमी दाहिना भए*
*हाम्रा बाल कृष्णज्यूका रखवाला भए*

## ङ) व्रतबन्धको मागल

बालक जन्मिएपछि गरिने विभिन्न संस्कार कर्म मध्येको एक कर्म हो व्रतबन्ध । पहिलेको परम्परामा छोरालाई मात्र शिक्षा दिने गरिन्थ्यो । त्यो शिक्षा वेदको अध्ययनसँग पनि सम्बन्धित थियो । वेद पढन व्रतब्रन्ध संस्कार गरिएको हुनुपर्थ्यो । त्यसैले वेद पढ्ने बाटो फुकाउनको लागि गरिने कर्म जस्तो पनि कर्म हुन गयो भने जीवनमा आदर्श संस्कारले सुसंस्कृत हुने कमको आरम्भ पनि यही संस्कारबाट हुने स्थिति रहयो । यो कर्म लगभग सात ,आठ वर्षमा गरिने गर्छ । मुख्यतः ब्राह्मण, क्षेत्री र ठकुरी जातिमा विवाहपूर्व गरिने महत्वपूर्ण सस्कार व्रतबन्ध हो । यसै कममा गाइने मागल तल प्रस्तुत गरिएको छ ।

*दशै महिना मेरी आमा तिम्रै कोखिबास ।*
*छवै दिनमा मेरी आमा छैटमै करिमा ॥*

*एघारै दिनमा मेरी आमा न्वारनैको करिमा ।*
*छवै महिनामा मेरा बाबा भात खुवाइको करिम ॥*

*पाँचौ बर्ष मेरा बाबा छेवरै करिमा ।*
*आठ बर्षमा मेरा बाबा बर्तुनको करिमा ॥*

*धरिमा त तिम्रो बाबा करिमा त हामरो ।*

*गरै बाबा गरै आमा ठूलो धरिमा ॥*

*कर्म गर्ने पंडितले पूरै कर्म गरिदेऊ ॥।*

## च) विवाहको मागल

हिन्दू संस्कारमा विवाहको महत्वपूर्ण स्थान छ । दुई अपरिच्ति जोडीको एकीकरण गर्ने विवाह संस्कार जीवनको एउटा महान् सम्झौता हो र दायित्व पनि हो । जीवनमा एक पटक गरिने कर्म विवाह हो । विवाह गर्दा धेरै विचार पुराउनु पर्ने हुन्छ । पहिले केटीको कम उमेरमा नै बिहे गर्दिने परम्परा थियो । चार, पाचँ वर्ष भएपछि बिहे गर्थे । सानो उमेरमा नै बिहे गर्दा घर परिवार चिन्न निकै समस्या हुने, बिहेपछि श्रीमान् पढ्नको लागि बाहिर जाने, पढेर आउँदा श्रीमतीले श्रीमान् चिन्न पनि नसक्नु विविध कारणहरू हुन्थे । त्यसैले विवाहले व्यक्तिको जीवनमा नौलो अध्यायको सुरुवात हो ।

*गंगाजीको किनारमा रन्जता चेली खेलेकी ।*

*जउन बालै जउन बालै विवाह गरी ल्याउ ॥*

*रन्जता चेली बिहे गर्न त्यसै जान हुँदैन ।*

*पाथी पाथी गहना चाहियो बुबा ॥*

*पाथी पाथी गहना त हामी मरिदाले पिटाम्ला ।*

*जउन बालै जउन बालै विवाह गरी ल्याऊ ॥*

*गंगाजीको किनारमा रन्जता चेली खेलेकी ।*

*जाउन बालै जाउन बालै विवाह गरी ल्याऊ ॥*

# अध्याय चार

# पुम्दीभुम्दीमा प्रचलित मागलको अध्ययन

लोकसाहित्यका विद्वानहरूले मागल गीतलाई विभिन्न संस्कारहरू जन्म, छैटी, न्वारन, बालो नचाउने, व्रतबन्ध र विवाहमा गाइने गरेपनि पुम्दीभुम्दीमा व्रतबन्ध र विवाहमा मात्र यो गीत गाउने गरेका छन् । पुम्दीभुम्दीमा लोप अवस्था रहेको यस मागलको संरक्षण लागि यस अध्ययन पत्र तयार पारिएको हो ।

## ४.१ व्रतवन्धको मागल

व्रत र बन्ध शब्द मिलेर व्रतबन्ध शब्दको निर्माण भएको हो । जसको अर्थ व्रतहरूको बन्धनमा आबद्ध रहनु हो । बालक जन्मिएपछि गरिने विभिन्न संस्कार कर्म मध्येको एक कर्म हो व्रतबन्ध । पहिलेको परम्परामा छोरालाई मात्र शिक्षा दिने गरिन्थ्यो । त्यो शिक्षा वेदको अध्ययनसँग पनि सम्बन्धित थियो । वेद पढन व्रतब्रन्ध संस्कार गरिएको हुनुपर्थ्यो । त्यसैले वेद पढ्ने बाटो फुकाउनको लागि गरिने कर्म जस्तो पनि कर्म हुन गयो भने जीवनमा आदर्श संस्कारले सुसंस्कृत हुने क्रमको आरम्भ पनि यही संस्कारबाट हुने स्थिति रहयो । यो कर्म लगभग सात, आठ वर्षमा गरिने गर्छ । मुख्यतः ब्राह्मण, क्षेत्री र ठकुरी जातिमा विवाहपूर्व  गरिने महत्वपूर्ण सस्कार व्रतबन्ध हो । व्रतबन्ध संस्कारकै चरित्रका कर्महरू अन्य विभिन्न जातिमा पनि पाइन्छन् । यस्तै शुभ कार्यको अवसरमा गाइने एक प्रकारको गीत मागल गीत हो । यो गीत प्रायः प्रौढ वृद्धा महिलाहरूद्वारा सामूहिक रूपमा चर्को स्वरमा लामो भाकामा गाइन्छ । यो गीत कसार बटार्ने क्रममा पनि गाइन्छ । अहिलेको अवस्थामा यो गीत लोप हुने अवस्थामा पुगिसकेको छ, किनकि अहिले यो गीत गाउने गायीकाहरू सीमित मात्र भेटिन्छन् । व्रतबन्धका अवसरमा निम्न लिखित चरित्रका मागल गाउने गरेको पाइन्छ ।

क) निमन्त्रणा गर्दा

ख) माटो खन्दा

ग) पिठो भुट्दा

घ) कसार बटार्द

ङ)   बुकुवा भुट्दा

च)   मन्त्र सुनाँउदा

छ)   भिक्षा माग्दा

ज)   पढ्न जाँदा

**क)   निमन्त्रणा गर्दा**

निमन्त्रणा भन्नाले बोलाउने भन्ने अर्थ लाग्दछ । कुनै पनि कर्म गर्दा आफ्ना सबै इष्टमित्र, दाजुभाइ, नातेदारहरूलाई बोलाउने गरिन्छ । पुरानो समयमा अन्य सञ्चारका विकल्प नहुँदा सम्बन्धित व्यक्तिका घर घरमा गएर निमन्त्रण गरी बोलाएर शुभकार्य गरिने गरिन्थ्ये । त्यसैको झल्को दिने लक्षण निमन्त्रणा गर्दाको मागलमा पाइन्छ ।

*जउन सारी जउन शुभै ब्रामण लाई निउती ल्याऊ ।*
*बाबा ज्यूका आगनीमा शुभै जगीया  लाऊ ॥*

*नैर जाने गामको नाम नैर जाने ब्रामणको नाम ।*
*कसो गरी डाकी बोलाइ ल्याम ॥*

*बङसिङ होला गामको नाम हरि कृष्ण ब्रामणको नाम ।*
*जउन सारी जउन शुभ डाकी बोलाइ ल्याऊ ।*

**ख)   माटो खन्दा र जग्गे निमार्ण गर्दा**

बालकको  व्रतबन्ध गर्ने उमेर पुगेपछि उसको व्रतबन्धको तयारी हुन्छ । व्रतबन्धको तयारी भएपछि घरको आगनीमा जग्गे निमार्ण गरिन्छ । यसरी जग्गे निमार्ण गर्दा माटाको बेदी निर्माण गर्दा माटो खनिन्छ । यसरी माटो खन्दा गाउने मागल गीत यस्तो छ ।

*राख बाबा सगुन बाल बाबा दियो ।*
*अगि लाउन कलस पछि पछि दिदै बहिनै ।*
*जउन जउन भगती मटियै खनी देऊ ।*
*दियो कलस पूजी ल्याउन मटिया ॥*

*मटिया खन्दा खन्दा  हातै मेरो गल्यो ।*
*कति देउला मेरा बाबा मटियाको नेग ॥*

*हात्ती तिमले दिने छैनौ घोडा लेवैनौ ।*
*धेरै देउला मेरा बाबा पाचैं रुपयाँ ॥*

### ग) पिठो भुट्दा

शुभकार्य गरिने बेलामा दिदी बहिनीहरूले चामललाई ढिकीमा लगेर पिठो कुटिसके पछि कसार बनाउनको लागि पिठो भुट्ने बेलामा सुरुमा दिदी बहिनीहरूले र पछि अरुले पालो दिने गर्दछन् । पिठो भुटदा ताउलीमा घिऊ राखी भुटने गरिन्छ र चलाउने साधनलाई सिङकी भनिन्छ । यसरी पिठो भुट्दा गाउने गीतलाई मागल गीत भनिन्छ । मागल गीतको एक अंश तल प्रस्तुत गरिएको छ ।

*सुनै केरे झाजरी सिनकी ।*
*भुटाइ देउन दिदै बैनै हामरा पिठिया ॥*

*पिठो भुट्दा हातै मेरा गले ।*
*कति देउला मेरा भय पिठियाको नेग ॥*

*हात्ती तिम्ले दिने छैनौ घोडी हाम्ले लेवैनौं ।*
*धेरै देउला मेरा बाबा पाचैं रुपयाँ ॥*

### घ) कसार बटार्दाको मागल

कसार वटार्दा पहिले पिठो भुटिसके पछि नाङलोमा राखिन्छ । त्यस पिठोमा भेली तताएर पिठोमा मोलिन्छ र सर्वप्रथम गणेश बटार्ने गरिन्छ । गणेश बटार्दा पैसा जनै सुपारी फूल दुबो आदि मिसाई ठूलो डल्लो पारिन्छ यसरी बनाएको गणेश भानिजलाई दिने गरिन्छ । गणेश बनाइ सकेपछि निमन्त्रणा गरिएका अरु दिदी बहिनी गाउँलेहरू मिली स-साना डल्ला बनाउने गरिन्छ । कसार बटार्दा गाउने गीत पनि मागल गीत हो । मागल गीतको एक अंश तल प्रस्तुत गरिएको छ ।

*गणेशै बटार्दा हातै मेरो गल्यो ।*
*कति देउला मेरा बाबा गणेशैको नेग ॥*

*बेल गेडे कसारै त बनाउ मेरी आमा ।*
*सानै मन सानै चित्त नैरगरे बाबाले ॥*

### ङ) मन्त्र सुनाउँदाको मागल

संस्काररहित स्वतन्त्र बाल्यवस्थाबाट संस्कारयुक्त स्थितिमा प्रवेश गर्ने महत्वपूर्ण कार्य मन्त्र श्रवण हो । मन्त्र सुनाउने व्यक्ति सुन्ने व्यक्तिभन्दा आदरणीय व्यक्ति हुनुपर्छ । सुनाउने व्यक्ति पुरेत, काका, बुबा, ठूलो बुबा, भिनाजु दाजु, भानिजदाइ आदि हुन सक्छन् । व्रतबन्धमा मन्त्र सुनिसकेपछि सुन्ने व्यक्तिले हरेक दिन नुहाइधुवाइ गरेर गुरुबाट प्राप्त गरेको मन्त्रोच्चारण गरेर मात्र खाना खानुपर्ने हुन्छ । यसरी मन्त्र सुनाउने बेलामा वृद्धा महिलाहरूले सामूहिक रूपमा मागल गाउने गर्दछन । त्यस्ता मागल यस प्रकारका रहेका छन् ।

*गुरु बाबा लाई पालम्ला सुनाइ देउन ।*
*गुरु बाबा गायत्री मन्तर ॥*

*थाल माथि चामल त चामल माथि रुपैया ।*
*देउन गुरु बाबा देउन गुरु बाबा  गायत्री मन्तर ॥*

*थाल माथि चामल त चामल माथि जनै सुपारी ।*
*देउन गुरु बाबा देउन गुरु बाबा  गायत्री मन्तर ॥*

### च) भिक्षा माग्दाको मागल

मन्त्र सुनिसकेपछि जोगीको भेषधारण गरी व्रतबन्ध गर्ने व्यक्तिले आफ्ना गुरुलाई केले पाल्ने होला भनी भिक्षा माग्न आउने गर्छ । भिक्षा माग्दा बेतको लौरी एउटा काँधमा तेर्सो बनाएर दुबै छेउमा स-साना झोली बाँधिएका हुन्छन् । झोलीमा कसार रोटी राखिन्छ । मामाको सहयोगमा व्रतबन्ध गर्ने व्यक्तिले डालो थाप्दै मूल घरको ढोकामा गएपछि पहिले घरका सदस्यले भिक्षा दिन्छन् । भिक्षा माग्ने व्यक्तिले “भिक्षा दिनु हाम्रा गुरुबाबालाई केले पालम्” भनी भिक्षा माग्ने गर्दछन् । व्रतबन्धमा आउने अरुसँग पनि भिक्षा माग्ने गर्दछन् । यसरी प्राप्त चामल, पैसा, वस्त्र आदि गुरुलाई नै दिने गरिन्छ । यसै अवसरमा महिलाहरूले गाउने मागल गीतको केही भाग यहाँ निम्नानुसार उल्लेख गरिएको छ ।

*पाथी पाथी भिकियात देउन बाबा आमाले ।*
*हामरा गुरु बाबालाई केले पालम्ला ॥*

*मुठी मुठी भिकिया देउन चारै लोकले ।*

*हामरा गुरु बाबालाई केले पालम्ला ॥*

*सानै मन सानै चित्त नैरगरे बाबाले ।*
*बारम्बार हुने छैन ह्यामरो करिमा ॥*

*धरिमा त तिम्रो बाबा करिमा त हामरो ।*
*गरै बाबा गरै आमा ठूलो धरिमा ॥*

**छ) पढ्न जाँदा**

भिक्षा मागिसके पछि बालक पढ्न जान तयार हुन्छ । बालक धेरै पढेर आउँछु र तपाईंहरूको सेवा गर्नेछु, भन्दै पढ्न जान्छ । यसरी पढ्न जाने बेला सामूहिक गीत गाउछन् त्यो गीत यस प्रकारको छ ।

*तिमी बाला नजउ हामीलाई छोडेर ।*
*हाम्रो दरबार नै शुन्य हुन्छ ॥*

*म विदेश गएर पढेर ठुलो मान्छे बन्छु ।*
*अनि तर्पाइँहरूको सेवा गर्ने छु ॥*

## ४.२ विवाहको मागल

हिन्दू संस्कारमा विवाहको महत्वपूर्ण स्थान छ । दुई अपरिचित जोडीको एकीकरण गर्ने विवाह संस्कार जीवनको एउटा महान् सम्झौता हो र दायित्व पनि हो । जीवनमा एक पटक गरिने कर्म विवाह हो । विवाह गर्दा धेरै विचार पुराउनु पर्ने हुन्छ । पहिले केटीको कम उमेरमा नै बिहे गर्दिने परम्परा थियो । चार, पाचँ, वर्ष भएपछि बिहे गर्थे । सानो उमेरमा नै बिहे गर्दा घर परिवार चिन्न निकै समस्या हुने, बिहेपछि श्रीमान् पढ्नको लागि बाहिर जाने, पढेर आउँदा श्रीमतीले श्रीमान् चिन्न पनि नसक्नु विविध कारणहरू हुन्थे । त्यसैले विवाहले व्यक्तिको जीवनमा नौलो अध्यायको सुरुवात हो । सन्तान हुनको लागि बिहे गर्नु पर्छ । सन्तान भएनन् भने वुढेश कालको साहरा हुँदैनन् । छोरा नभए स्वर्ग गइँदैन् भन्ने पनि मान्यता छ । त्यसैले सन्तान प्राप्तिको लागि मुख्य गरी विवाह गर्नु पर्छ । बिहे गर्दा हर्षोल्लासका साथ सम्पूर्ण आफन्त दाजुहरूलाई निमन्त्रणा गरी बिहे गरिन्छ । विवाहको पहिलो दिन अर्थात् बिहेको अगिल्लो दिन कसार बटार्ने गरिन्छ । कसार बटार्न दिदी बहिनी

र अरु गाउँका आमाहरू आउने कसार बटानेर वृद्धा महिलाहरूले मागल गाउने गर्दछन् । मागल गीत वैवाहिक जीवनको सुखमय प्रेम, आनन्दमय, भावमय होस् भन्ने भाव व्यक्त गर्दै विविध गीतहरू गाउँछन् । यो गीत दुलाहा र दुलही दुबैका घरमा गाइन्छ । विवाहको तयारीदेखि दुलहा दुलहीको घरमा विभिन्न कार्य गर्दा गाइने मागलहरू हुन्छन् । तिनको सामान्य चिनारी यस प्रकार छ ।

१) वरखोज्न जाँदा

२) गहना र कपडा किन्न जाँदाको मागल

३) निमन्त्रणा गर्दाको

४) माटो खन्दाको मागल

५) टीका लगाउँदा

६ जन्ती आउँदाको मागल

७) जन्ती पर्सदाको मागल

८) गोडा धुँदाको मागल

९) कन्यदान दिँदाको मागल

१०) डोली दिँदाको मागल

११) दुलही दुलाहाको घर पुगेपछि गाउने मागल

**१) वर खोज्न जाँदाको मागल**

विवाह गर्ने उमेर पुगे पछि केटालाई केटी र केटी लाई केटा खोज्नु पर्छ । अहिले त धेरै केटा केटीले आफै खोज्ने गरेको पाइन्छ तर पहिले बुबा आमाले मागेर मात्र दिने परम्परा थियो । केटीको उमेर सानै हुँदा पनि बिहे गरेर दिने चलन थियो केटीको बिहे आज हो, भन्दाको दिन मात्र केटीलाई आज मेरो बिहे भन्ने थाहा हुन्थियो । कस्तो उमेरमा बिहे हुनेथियो भन्ने अमर न्यौपाने द्वारा लिखित सेतो धरती उपन्यासमा स्पष्ट पारिएको छ । यसरी केटा खोज्न गएको कुरालाई गीत बनाएर पछि गाउने गीत मागल हो ।

*बाबा कता जानी भन्दा पोखरा जान्छु भन्नु भयो ।*
*भोलि कहाँ जानु हुन्छ बा भन्दा पोखरा जान्छु भन्नु भयो ॥*

*छोरी फाल्न हिडनु भएको रहेछ ।*
*आजदेखि मेरो बाबा हुनु भयो बिरानो ॥*

*ए बाबा  म छोरी कति अभागी रहिछु ठुला घरमा दिनु भो ।*
*आज पनि विवाह भोलि पनि विवाह त मनै बिर्गानु भयो ॥*
*ए बाबु मैले त दिन्न भन्दै थिएँ दाजीले दिनु भयो ॥।*

**२) गहना र कपडा किन्न जाँदाको मागल**

केटाको बिहे होस् वा केटीको बिहे होस्, बिहे एक पटक भन्दा हुँदैन् । त्यसैले राम्रो सगँ केही कुराको कमी हुन नदिइकन बिहे गरिदिन अनुरोध गर्दछन् । आमासँग होस् वा बुबा सगँ, पिठो कुट्ने र समान किन्ने काममा  कुनै कमी नगर्नु र केटालाई पनि बुबाले आवश्यक सामन किन्नु भन्ने आदेश दिइएकै हुन्छ । यस्ता अवस्थामा वृद्धा महिलाहरूले केही मागल गाउने गरेका छन् ।

*गंगाजीको किनारमा रन्जता चेली खेलेकी ।*
*जउन बालै जउन बालै बिबाह गरी ल्याऊ ॥*

*रन्जता चेली बिहे गर्न त्यसै जान हुदैन ।*
*पाथी पाथी गहना चाहियो बुबा ॥*

*पाथी पाथी गहना त हामी मरिदाले पिटाम्ला ।*
*जउन बालै जउन बालै विवाह गरी ल्याऊ ॥*

*गंगाजीको किनारमा रन्जता चेली खेलेकी ।*
*जउन बालै जउन बालै विवाह गरी ल्याऊ ॥*

**३) निमन्त्रणा गर्दा**

व्रतबन्धमा जस्तै मागलकै माध्यमबाट बिहेमा पनि आफना सबै इस्टमित्र, दाजुभाइ, नातेदारहरूलाई बोलाउने गरिन्थ्यो । यसरी निमन्त्रणा गर्न प्रत्येकको घर घरमा गएर निमन्त्रण गरी बोलाएर शुभकार्य गरिने गथ्यो यसरी निमन्त्रणा गर्न गीतको माध्यमबाट बोलाइन्छ । यस प्रकारको मागल गीत वृद्धा महिलाहरूले गाउने गरेका छन् ।

*जउन सारी जउन शुभै ब्राह्मण लाई निउती ल्याऊ ।*
*बाबा ज्यूका आगनीमा शुभै जगीया  लाऊ ॥*

*नैर जाने गामको नाम नैर जाने ब्रामणको नाम ।*
*कसो गरी डाकी बोलाइ ल्याम ॥*

*बङसीङ होला गामको नाम हरि कृष्ण ब्रामणको नाम ।*
*जउन सारी जउन शुभ डाकी बोलाइ ल्याऊ ॥*

*जउन सारी जउन शुभै भानिज लाई निउती ल्याऊ ।*
*बाबा ज्यूका आगनीमा शुभै जगीया  लाऊ ॥*

*नैर जाने गामको नाम नैर जाने भानिजको नाम ।*
*कसो गरी डाकी बोलाइ ल्याम ॥*

*पाम्दुर होला गामको नाम शिव होला भानिजको नाम ।*
*जउन सारी जउन शुभ डाकी बोलाइ ल्याऊ ॥*

### ४)   माटो खन्दा र जग्गे निमार्ण गर्दा

व्रतबन्ध जस्तै बिहेमा पनि जग्गे निर्माण गरिन्छ । जग्गे निर्माणको लागि माटो खन्ने काम हुन्छ । व्रतबन्धमा जे जे गरिन्छ जग्गेको लागि विवाहमा पनि त्यस्तै गरिन्छ । विबाह जीवनको मुख्य उपलब्धि हो । जीवनमा एक पटक मात्र गरिने विवाहमा केटाको घरमा वा केटीको घरमा दुबै ठाउँमा जग्गे निर्माण गरिन्छ । विवाहमा वृद्धा महिलाहरू जम्मा भई मागल गीत गाउने गरिन्छ मागलको केही अंश तल प्रस्तुत छ ।

*राख बाबा सगुन बाल बाबा दियो ।*
*अगि लाउन कलस पछि पछि दिदी बहिनी ॥*

*जउन जउन भगती मटियै खनी देऊ ।*
*दियो कलस पूजी ल्याउन मटिया ॥*

*मटिया खन्दा खन्दा हातै मेरो गल्यो ।*
*कति देउला मेरा बाबा मटियाको नेग ॥*

*हात्ती तिम्ले दिने छैन घोडा लेवैनौ ।*
*धेरै देउला मेरा बाबा पाचैं रुपयाँ ॥*

### ५) टीका लगाउँदाको मागल

विवाह गर्ने तयारी भएपछि जे काममा पनि टीका लगाउनु पर्छ । जनै सुपारीमा किन नहोस्, कसार वटार्ने बेला होस्, विवाहको दिनमा होस् वा जन्ती गइसकेपछि जन्ती पर्सने बेलामा वा जल खाने बेलामा यी सबै काममा टीका लगाइन्छ । यसरी पहिलेदेखि नै टीका लगाउने बेलामा मागल गीत गाउने परम्पर रहेको छ । मागल गाउन वृद्धा महिलाहरू जम्मा भई सामूहिक रूपमा गाउने गरिन्छ । मागल गीतको केही अंश तल प्रस्तुत गरिन्छ ।

*सिलिधान अक्षेती त माली गाईको दही ।*
*लगाइ देउन मेरा बाबा हामीलाई टिकिया ॥*

*सिलिधान अक्षेती त माली गाईको दही ।*
*लगाइ देउन मेरी आमा हामीलाई टिकिया ॥*

*सिलिधान अक्षेती त माली गाईको दही ।*
*लगाइ देउन मेरी दिदै हामीलाई टिकिया ॥*

*सिलिधान अक्षेती त माली गाईको दही ।*
*लगाइ देउन मेरा दाजइ हामीलाई टिकिया ॥*

### ६) जन्ती आउँदाको मागल

विवाहको पुरा तयारी भएपछि केटाको घरबाट केटीको घरमा जन्ती जाने गर्दछन् । पहिलेको बिहे रातिको हुने र जन्ती हिँडेर जानु पर्ने हुँदा दिनभर हिँड्नु पर्ने, राति केटीको घर पुग्ने, रातभर बिहे हुने, उज्यालो भएपछि केटीको घरबाट हिँड्ने गर्दा बिहे लामो हुने र समय बिताउन रात काट्न गीत गाउने परम्परा रहेको थियो । गीतमा केही रत्यउली, मागल र श्लोक आदि गाएर रमाइलो गर्ने गर्छन् । यसरी बेलुकी आएर केटीसँग केटाले बास माग्दा केटीले बास दिन्न किनकि उसले चिनेकी हुँदिन । यस्तै कुरा गर्दाको मागल गीतको केही अंश तल छ ।

*पृथ्वी र भरकाम्दै पहरो थरकाम्दै आए चारै लोक ।*
*काला काला लेकबाट डुल्दै भिरदै आएका ॥*
*बास देउन गोरी दान पाटनको छेऊ ॥*

*हामरा  र बाबाका डिया बाच्छा खेल्दछन् ।*
*छँदै छैन दिँदै दिन्नम् परदेशीलाई बास ॥*
*काला काला लेकबाट डुल्दै भिरदै आएका ॥*

*बास देउन गोरी दान तगरीको छेऊ ।*
*हामरा  र बाबाका डिया बाच्छा  फुकाउने ठाउँ हो ।*
*छँदै छैन दिँदै दिन्नम परदेशीलाई बास ॥*

*काला काला लेकबाट डुल्दै भिरदै आएका ॥*
*बास देउन गोरी दान आगनीको छेऊ ।*
*हामरा  र बाबाका पाउना पाछ्रा बस्दछन् ।*
*छँदै छैन दिँदै दिन्नम परदेशीलाई बास ॥*

### ७) जन्ती पर्सदाको मागल

दुलहीको घरमा जन्ती पुगेपछि अक्षेता, फूल, जल आदिले जन्तीलाई छर्कने चलन छ र दुलाहालाई सुरुमा टीका लगाइदिने यसलाई बरणी गर्ने भनिन्छ । अरु जन्तीलाई पर्सने भनिन्छ । जन्ती पर्सिएपछि मात्र विवाहको अन्य काम क्रमिक रूपले अगाडि बढाइन्छ । जन्ती पर्सदा गाइने मागल निम्नानुसार रहेको छ ।

*आए जन्ती, आए जन्ती सुवा सरी बनी आए ।*
*गोरी धन लिन भनी आए आए जन्ती ॥*

*हातै लिए गङ्गाजल सुनकैसे भारीया ।*
*प्रदक्षिणा गर गोरी श्रीरामलाई ॥*

*झिलिमिली कपडु त काठमाडौंको सहर ।*
*छेकी देऊ न अग्नी बाबा श्री रामलाई ॥*
*बारम्बार हुनी छैन हाम्रो करिम ॥*

### ८) गोडा धुँदाको मागल

छोरीको विवाहमा माइती तर्फकाले तामाको ताउलीमा दुलाहा, दुलहीका गोडा पर्ने गरी राखेर दुलहीका घरतिरका र इष्टमित्रहरूले खुट्टा धोएर जल खाने टीका लगाएर दक्षिणा

वा गर्दुवा दिने गरिन्छ । दुलहीको जल खानेमा बुबा, आमा, दाजु, भाउजू, भाइ, बुहारी, दिदी, मामा, माइजू, र छिमेकी तथा निम्तालुहरूले खाने गर्दछन् । विवाह गरिदिनु बुबा आमाको दायित्व हो । कन्याको जल खाएर पराइघर पठाएपछि बुबा आमाको छोरीप्रतिको जिम्मेवारी पूरा भएको महसुस गरिन्छ । गोडा धुँदाको मागल गीतको उदाहरण :

*गङगाजीको किनारमा चौतारीमा बसेर बाबाजीले बाउ दत्त बोले बत्तिस दन्तले । सुन चाँदी हुदाहुम त तुलै काटा चढ्दाहुम बाबाजीकी सुनसरी छोरी बचनले बिकाए ॥*

*सुनै कैसे झारी बाबा गङगै जल सारेर ।*
*खाउन बाबा खाउन बाबा श्रीरामको जल ॥*

*पैला पाउ पखालेर शिरैमा रष्टन ।*
*दोस्रो पाउ पखालेर चरण नै अमृत ॥*

*दिनका र भोका बाबा रातका अनिदा ।*
*खाउन बाबा खाउन  बाबा श्रीरामको जल ॥*

*एउटै  कोखी बसेम दाजी दसै धारा खाएम  ।*
*आजदेखि मेरा दाजी भइ गएम् बिरान ॥*

**९) कन्यादान दिँदाको मागल**

विवाहको महत्वपूर्ण कर्म कन्यादान हो । कन्यादान भन्नाले कन्या वरलाई हस्तान्तरण गर्नु भन्ने अर्थ हुन्छ । जौ, तिल र कुशको टुक्रा कन्याको हातमा एक टुप्पा र अर्को टुप्पा कन्यादान दिने बुबा, आमा,दाजु, भाउजू आदिका हातमा लिन दिइन्छ । वैदिक ऋचा र सङ्कल्प बोलेर लामो कुशको टुक्रा माझबाट चुडालेर वरको हातमा कुश सहितको कन्याको हात हस्तान्तरण गरिन्छ । यही कर्मलाई कन्यादान दिने भनिन्छ । यसरी कन्यादान पछि केटीको नाम थर गोत्र सबै परिर्वतन भएर नयाँ केटाको थर र गोत्र जे छ त्यही हुने गर्छ । यसै अवसरमा गाइने मागल निम्नानुसारको रहेको छ ।

*सिरै केरे सिरफुल त मैले पहिराइ छोड्थ्य ।*
*छम छम आउ  न गोरी किन भयै बिलना ॥*

*पारि  पारि लेकैमा त न्याउली चरी झुराउँदा झैँ ।*
*बाबा हामरा झुराउनु भो ॥*

*पारि पारि लेकैमा त न्याउली चरी झुराउँदा झैं ।*
*आमा  झुराउ  छिन् कसो गरी सुझाइ बुझाइ छोडम ॥*

*तिम्रा बाबा भन्दा पनि हामरा बाबा शितला छन् ।*
*छम छम आउ गोरी किन गरै बिलना ॥*

*तिम्री आमा भन्दा पनि हामरी आमा शितली छन् ।*
*छम छम आउ गोरी किन गरै बिलना ॥*

*तिम्रा दाइ भन्दा पनि हामरा दाइ शितला छन् ।*
*छम छम आउ गोरी किन गरै बिलना ॥*

**१०) डोली दिदाको मागल**

डोली दिनु भन्नाले छोरीलाई जन्म घरबाट कर्मघरमा बिहे गरी पठाउनु हो । हिड्न नसकेको अवस्थामा दुलहीलाई डोलीमा बोकेर लैजानु पर्छ । त्यसलाई नै डोली दिने भनिन्छ । आफूले जन्माई, पाली, हुर्काई ठूली बनाएकी छोरीलाई पराई घरमा विवाह गरी पठाउँदा नरमाइलो हुने गर्छ नरमाइलो केटी वा केटी पच्छेलाई हुनेगर्छ ।

*शिरै लाउने शिरफूल त भाउज्जैज्यूले लाउलिन् ।*
*म त भएँ मेरा बाबा जुगै बिरानो ॥*

*शिरै लाउने शिरबन्दी त भाउज्जैज्यूले लाउलिन् ।*
*म त भएँ मेरा बाबा जुगै बिरानो ॥*

*हातमा लाउने बालैचा त भाउज्जैज्यूले लाउलिन् ।*
*म त भएँ मेरा बाबा जुगै बिरानो ॥*

## ४.६ विभिन्न कोणबाट मागलको अध्ययन :

हिन्दू धर्म संस्कृति अनुसार मानिसका जीवनमा सोह्र संस्कारमा जन्म, छैँटी, न्वारन, भातखाई, चूडाकर्म, व्रतबन्ध, विवाह, चौरासी हुन र सबै जस्तो माङ्गलिक संस्कारमा मागल गीत गाइने भनिए तापनि धेरै गीतहरू अहिले हराउदैं गएका छन् । यस गीतको संरक्षण गर्नु पर्ने मुख्य आवश्यकता हो । संरक्षण हुन् नसकेर विवाह र व्रतबन्धमा गाइने केही मात्रामा

भेटिए भने अरु गीत हराउदै गए मागल गीतलाई विभिन्न दृष्टिकोणबाट अध्ययन गर्न सकिन्छ ।

**क) सामाजिक दृष्टिकोणबाट मागल गीतको अध्ययन :**

हाम्रो समाज फरक फरक हुने गदर्छ । विभिन्न गाउँमा पहिलेदेखि जे परम्परा वा चालचलन हुँदै आएको थियो , त्यसै अनुसार अगाडि बढ्नुपर्ने हुन्छ । मानिस जन्मिए पछि विस्तारै बढदै जान्छ । उसको व्रतबन्ध हुने समय पुग्छ अनि मात्र टाढा टाढा भएका दिदी बहिनीहरूको भेट हुने मौका मिल्छ । स -साना उमेरमा बिहे गरेर जानुपर्ने , माइत जाने बाटो कता हो भन्नेसम्म थाहा हुँदैन । एउटै घरमा हुर्केका दिदी बहिनी कोही पूर्व कोही पश्चिम हुनु पर्नेहुन्छ । विवाह पश्चात एउटीले अर्कोलाई देख्न भेट्नसम्म नपाउने अवस्था छ । दिदी बहिनी भेट हुनका लागि उनीहरूको माइती घरमा शुभकार्य हुनु पर्ने अवस्था छ । जसलाई मागल गीतमा यसरी भनिएको छ ।

*आकशैकी दिदै मेरी पातलकी बैनै ।*
*कैले होला तिम्रो हाम्रो भेट ॥*

*बाबाज्यूका आगनीमा शूभै जग्गे लाउलान ।*
*त्यहैं होला दिदै बैनै तिमरो हामरो भेट ॥*

हाम्रो समाजमा छोरीलाई  विवाहमा दान गरेर अर्को घरमा पठाउने चलन छ । छोरीलाई कति अफठ्यारो, नयाँ घर नयाँ परिवार नयाँ समाज सबैसँग धुलमिल हुनुपर्ने हुन्छ । बिहे गरेपछि छोरी माइती घरमा आएर सधैं बस्न नहुने बसे देखि पाल्न पर्छ भनेर दाजु भाइले दिदी तिम्रो घरमा नै जाउ दिदी भनी माइत बस्ने भए किन बिहे गरेकी भन्ने  गरेका छन् । त्यसलाई मागल गीतमा यसरी भनिएको हो

*बेथेका बुटा मुनि घुलो मुलो माटो काला अुखुका जरा ।*
*माइतेइमा बसेर सबैकी हेला जाउ दिदी तिम्रो घर ॥*

*ए बाबु तिमी त आमाको कोखीमा छोरो दियो सैबले ।*
*हामी लाई त बाबु आमाको कोखीमा छोरी दियो दैबले ॥*

*दस महिनासम्म बास हुन गयो आमाको कोखीमा छोरो दियो सैबले ।*
*हिजो मेरो निसिब हारेको हुनाले छोरी दियो दैबले ॥*

हाम्रो समाजमा छोरीलाई विवाह गरेर अर्को घरमा पठाउने चलन छ । विहे गरेर गएकी छोरी अर्काकी भएको विश्वास गरिन्छ । माइती घरमा विविध कार्य हुँदा छोरीलाई निमन्त्रणा गरिन्छ । माइती घरलाई सहयोग गरे बापत छोरीलाई नेग दिने चलन छ । हाम्रो समाजमा अरुलाई काम लगाए पछि खालीहात पठाउनु राम्रो मानिदैन । त्यसैले विवाह व्रतबन्धमा बेदीटाल्दा पिठो भुट्दा छोरीलाई गाह्रो भएकाले कति नेग दिन्छौ भनी मागल गीत गाइन्छ। विवाहपूर्व छोरीले माइतीले दिएका गहना लगाउँछन् । विवाहमा दुलहीका लागि गहना कपडा दुलाहको घरबाटै किनेर ल्याइन्छ । माइतीले कन्यदान दिइसकेपछि दुलहीलाई दुलाहाको घरबाट ल्याएका गहना कपडा दुलहीलाई लगाई दिइन्छ । दुलहीका पहिलेका गहना कपडा माइतीका भाउजू बुहारी बहिनीले लगाउँछन् । सोही कुरा मागलगीतमा यसरी प्रस्तुत गरिन्छ ।

*शिरै लाउने शिरफूल त भाउज्जैज्यूले लाउलिन् ।*
*म त भएँ मेरा बाबा जुगै बिरानो ॥*

*शिरै लाउने शिरबन्दी त भाउज्जैज्यूले लाउलिन् ।*
*म त भएँ मेरा बाबा जुगै बिरानो ॥*
*हातमा लाउने बालैचा त भाउज्जैज्यूले लाउलिन् ।*
*म त भएँ मेरा बाबा जुगै बिरानो ॥*

## ख) साँस्कृतिक दृष्टिकोणबाट मागल गीतको अध्ययन

हिन्दू धर्म सँस्कृति अनुसार बच्चा जन्मेको छ दिनमा छैटी गर्ने जन्मेको एघार दिनमा न्वारन गरिन्छ । पाँचवर्ष लागेपछि बालकको छेवर गरिन्छ । त्यस्तै सातवर्ष पूरा भएपछि व्रतबन्ध गर्ने चलन छ । यिनै कुरालाई मागल गीतमा यसरी दिइएको छ ।

*दशै महिना मेरी आमा तिम्रै कोखिबासा ।*
*छवै दिनमा मेरी आमा छैटमै करिमा ॥*

*एघारौ दिनमा मेरी आमा न्वारनै करिमा ।*
*छवै महिनामा मेरा बाबा भात खुवाई करिमा ॥*

*पाँचौ बर्ष मेरा बाबा छेवरै करिमा ।*
*आठौ बर्ष मेरा बाबा बर्तुनै करिमा ॥*

व्रतबन्ध र विवाह हाम्रो जीवनमा एकपटक मात्र हुने कर्म हो । यसकर्ममा आफ्नो मन फुकाएर गर्नुपर्छ भन्ने मान्यता हाम्रो संस्कार हो । आवश्यक जति पैसा पनि खर्च गर्ने र रोटी, कसार बनाउनलाई पनि कुनै कमी नगर्नु होला बाबा आमा  सकेदेखि बाबा आमाको भारा तिरम्ला भन्दै मागल गीतमा यसरी भनिएको छ ।

*सानै मन सानै चित्त नैरगरे बाबाले ।*

*बारम्बार हुने छैन ह्यामरो करिमा  ॥*

*एकै हजार लाउने भए चारै हजार लगाइदेउ ॥।*

*सानै मन सानै चित्त नैरगरे आमाले ।*

*बारम्बार हुने छैन ह्यामरो करिमा ॥*

*एकै पाथी लाउने भए चारै पाथी लगाइदेउ ॥।*

*बारम्बार हुने छैन हामरो करिमा ।*

*सकम्लता मेरा बाबा तिम्रो भारा तिरम्ला ॥*

*नैरसके मेरा बाबा भलै आशिक ॥।*

विवाह भएर गइसके पछि धेरै कुराको ख्याल गर्नुपर्छ । बाबा, आमा, जेठाजू जेठानी, देवर, नन्दलाई पनि सम्मान गर्नु पर्छ । विवाहभन्दा पहिले लगाएका लुगा विवाहभन्दा पछि लगाउन नहुने विवाह पहिलेका गहना पनि लगाउन नहुने दुलाहा ले जे-जस्ता गहना दिन्छ त्यस्तै लगाउनु पर्ने बाध्यता रहेको छ । यस्तो अवस्थामा चेलीलाई नरमाइलो लागेको हुन्छ । जसलाई मागल गीतमा यसरी दिइएको पाइन्छ ।

*शिरै लाउने शिरफुल त भाउज्जै ज्यूले लाउलिन् ।*

*म त भएँ मेरा बाबा जुगै बिरानो ॥*

*शिरै लाउने शिरबन्दी त भाउज्जै ज्यूले लाउलिन ।*

*म त भएँ मेरा बाबा जुगै बिरानो ॥*

*हातमा लाउने बालैचा त भाउज्जै ज्यूले लाउलिन ।*

*म त भएँ मेरा बाबा जुगै बिरानो ॥*

**ग) धार्मिक दृष्टिकोणबाट मागल गीतको अध्ययन**

विवाहमा वा व्रतबन्धमा विवाह गरिने व्यक्ति वा व्रतबन्ध गरिने व्यक्तिलाई सबैले आशिक दिने गरिन्छ । जति धेरैले आशिक दियो त्यति नै राम्रो हुने गदर्छ । आशिक दिदाँ वृद्धा महिलाहरूले यसरी मागल गाउने गरिन्छ ।

*दूबो झै त छादिए ।*
*पाती झै त मैलाए ॥*

*बासै झै त  नुगे बरै ।*
*काश झै त  फुले बरै ॥*

*दिएम् दिएम् बालै भलै आशिक ।*
*सानै मन सानै चित्त नैरगरे बाबाले ॥*
*बारम्बार हूने छैन ह्यामरो करिमा ॥।*

विवाहमा गोडा धुँदा सुनको झारी गङ्गाजीको जल प्रयोग गरी गोडा धोइन्छ । विवाह गर्ने दुलाहालाई भगवान् श्रीराम र दुलहीवा आफ्नी छोरीलाई सीतासँग तुलना गरिन्छ । विवाह पवित्र कार्य हो । जल खाने दिन जल नखाई केही खान नहुने, जल माइती पक्षेका सबै इष्टमित्र र छिमेकीहरूले खाने गरेको पाइन्छ । जल खाएपछि छोरी पराइकी हुने गरेकी छ । यसरी यस्तो अवस्थामा यसरी मागल गीत गाइन्छ ।

*सुनै कैसे झारी बाबा गङगै जल सारेर ।*
*खाउन बाबा खाउन बाबा श्रीरामको जल ॥*

*पैला पाउ पखालेर शिरैमा रष्टन ।*
*दोस्रो पाउ पखालेर चरण नै अमृत ॥*

*दिनका र भोका बाबा रातका अनिदा ।*
*खाउन बाबा खाउन  बाबा श्रीरामको जल ॥*

*एउटै कोखी बसेम दाजी दसै धारा खाएम  ।*
*आज देखी मेरा दाजी भइ गएम बिरान ॥*

विवाहमा जन्ती जानभन्दा पहिले दुलाहालाई टीका लगाइ दिने गरिन्छ र यसरी शुभ साइतमा साइत गरिन्छ । यसरी साइत गर्नुभन्दा पहिले सबैले टीका लगाइदिने र आशिक

दिने गरिन्छ । टीका अरु बेला पनि लगाइन्छ जल खाने बेला पनि टीका लगाइन्छ यसरी टीका लगाउने बेला यस्तो मागल गाइन्छ ।

*सिलिधान अक्षेती त माली गाईको दही ।*
*लगाइ देउन मेरा बाबा हामीलाई टिकिया ॥*

*सिलिधान अक्षेती त माली गाईको दही ।*
*लगाइ देउन मेरी आमा  हामीलाई टिकिया ॥*

*सिलिधान अक्षेती त माली गाईको दही ।*
*लगाइ देउन मेरी दिदै  हामीलाई टिकिया ॥*

*सिलिधान अक्षेती त माली गाईको दही ।*
*लगाइ देउन मेरा दाजइ हामीलाई टिकिया ॥*
*दूबो झै त छादिए ।*
*पाती झै त मैलाए ॥*

*बासै झै त  नूगे बरै ।*
*काश झै त  फुले बरै ॥*

*दिएम दिएम बालै भलै आशिक ।*
*सानै मन सानै चित्त नैरगरे बाबाले ॥*

**घ) भौगोलिक दृष्टिकोणबाट मागल गीतको अध्ययन :**

नेपाल भौगोलिक दृष्टिले अत्यन्त विषमता भएको देश हो । यहाँ अत्यन्त जाडो र अत्यन्त गर्मी ठाउँ छन् । यो देशका सबै मानिसमा एकता रहिआएको छ । व्रतबन्धमा वा बिहेमा सबै ठाँउको सामन आवश्यक पर्ने हुन्छ । मधेशमा जे फल्छ पहाडमा ल्याइन्छ , भने पहाडमा जे फल्छ तराईमा पुग्छ । जसलाई मागल गीतमा यसरी गाइन्छ ।

*मधेशको रायो सर्सिम पहाडको हदेली ।*
*पिनाइ देउन दिदै बहिनै हाम्रो बुकुवा ॥*

नेपालमा प्राकृतिक रूपले उच्च ठाउँ अथवा अग्लो ठाउँ होचो ठाउँ रहेका छन् । मागल गीतमा उच्च ठाउँलाई आकाश र होचो ठाउँलाई पाताल भनेर प्रयोग गरिएको छ ।

कोही दिदी बहिनी तराईमा कोही दिदी बहिनी पहाडमा कोही कता कोही कता दिदी बहिनीको भेट पनि हुन नसक्ने अवस्था रहेको हुन्छ । दिदी बहिनी भेट हुन केही शुभ कार्य गर्नु पर्ने वा वर्ष दिनको तीज आउनु पर्ने थियो । जुन कुरालाई मागल गीतमा यसरी प्रस्तुत गरिएको पाइन्छ ।

*आकशैकी दिदै मेरी पातलकी बैनै ।*
*कैले होला तिम्रो हाम्रो भेट ॥*

*बाबाज्यूका आगनीमा शुभै जग्गे लाउलान ।*
*त्यहै होला दिदै बैनै तिमरो हामरो भेट ॥*

# अध्याय पाँच

# उपसंहार

## ५.१ सारांश

नेपालको पश्चिमाञ्चल क्षेत्रको गण्डकी अञ्चलमा पर्ने कास्की जिल्लाको दक्षिण पश्चिम भागमा अवस्थित रहेको पुम्दीभुम्दी पहिलेको एक गा.वि.स. हो भने अहिले पोखरा उपमहानगरपालिकाको २५ नं. वडा हो । पोखरा उपमहानगरपालिकामा २८ वटा वडा छन् । तिनै मध्येको एक पुम्दीभुम्दी हो । सिद्धार्थ राजमार्गले छोएको यस पुम्दी भुम्दीमा १० कि. मि. बाटो यसै वडा हुँदै गएको छ यहाँ जम्मा १,८३७ घर सङ्ख्या र जम्मा ७,३९१ जनसङख्या रहेको छ ।

दक्षिणतिर सामान्य भिरालो हुँदै फैलिएको यो गाउँ निकै रमणीय रहेको छ । यहाँका अधिकांश मानिस परम्परागत खेतीपाती र पशुपालनमा निर्भर रहेको पाइन्छ भने केही आधुनिक व्यवसाय, तरकारी खेतीमा पनि लागिपरेका छन् । यहाँको कृषि उत्पादनले करिब छ सात महिनालाई खान पुग्छ भने बाँकी चार पाँच महिनालाई विभिन्न पेसा व्यवसाय र वैदेशिक रोजगारबाट आएको आम्दानीबाट जीवन चलाउनु पर्ने हुन्छ ।

यस वडामा १ वटा उच्च मा.वि, २ मा.वि., ४ वटा नि.मा.वि. ८ वटा प्रा.वि अनि एक निजी बोडिङ्ग गरी १६ वटा विद्यालय रहेका छन् । १६ वटा विद्यालयमा २४५० .बिद्यार्थी रहेका छन् । पोखराको नजिक भएको कारण धेरै विद्यार्थी पोखरा नै जाने गरेका छन् । यस गाउँमा बिभिन्न जातजातिका मानिसहरू बसोबास गर्छन । तिनीहरूले फरक-फरक धर्म, चाडपर्व आदि मनाउने गर्दछन् ।

नेपाली लोकगीत एक गतिशील, भावमय प्रवाहमय कहिल्यै नरित्तिने र कहिल्यै नसुक्ने सागर हो । लोक गीत नगाउने मानिस हुँदैनन् । लोक अन्तरात्माबाट लयात्मक ढङ्गले प्रस्फुटित हुँदै मौलिक परम्परामा जीवित रही मानव सभ्यता र संस्कृतिमा प्रकाश पार्दै लोकको साझा ढुकुढुकीको रूपमा जनताका हृदयमा कलकलाउने र तिनका मधुर सुरिला काण्ठमा सलबलाउने, अविछिन्न र सहज गीतिमय प्रवाह नै लोक गीत हो । लोकसाहित्यका विविध विधाहरू मध्ये लोकगीत पद्ययुक्त एक शाखा हो । लोकगीत मेलापात गर्दा बन जाँदा ढिकी जाँतो गर्दा भित्री मनबाट स्वःतह प्रस्फुटन हुने अन्तरग हो । लोकगीतले समाजमा

विशिष्ट स्थान ओगटेको पाइन्छ । यसरी हेर्दा मागल संस्कार गीत अन्तर्गत पर्ने लोकगीतको उपभेद हो ।

ब्राह्मण र क्षेत्री जातिमा प्रचलित मागल गीत व्रतबन्ध र विवाहको गरी दुई भागमा वर्गीकरण गरिएको छ । यो गीत जन्म, छैटी, न्वारन, भात खाई, कपाल काट्ने बेला व्रतबन्धका विभिन्न वेला विवाहका विभिन्न बेलामा र अन्य बेलामा पनि गाउने गरेको पाइन्छ । तर पुम्दीभुम्दीमा भने  व्रतबन्ध र विवाहमा मात्र गाइन्छ । समयको परिर्वतन सगै मानिसका व्यबाहरहरू पनि परिवर्तन हुने गरेका छन् । समाज विस्तारै विकसित हुँदै गएको अवस्थामा यो मागल गीत लोप अवस्थामा पुगेको छ यसको संरक्षणमा हामी लागि पर्नु पर्छ । पुराना गीत हराउँदै गएका र नयाँ गीतका नाममा धेरै विकृति फैलदै गएको छ । अहिलेका गीत यस्तासम्म निस्कन लागे कि बाबु आमासँगै वसेर रेडियोमा वा टी.भी.मा गीत हेर्न सुन्न नहुने खालका गीत आए । यस्ता गीतलाई भन्दा पुराना गीतलाई जोड दिनु पर्छ । यस अध्यनको मुख्य उद्देश्य भनेकै त्यस्तै मध्यको मागल गीतको परिचय दिनु र संरक्षणमा सहयोग गर्नु हो ।

कहिलै विद्यालयबाट शिक्षा प्राप्त नगरेका आमा, हजुरआमाहरूले अरूले गाउँदा गाउँदै सुनेकै भरमा यो गीत गाउने गरेका छन् । तिनीहरूलाई गीत सम्झन केही समस्या पनि हुने गरेको छ । यो गीत वृद्धाहरूको मौखिक भरमा रहेको यो आधुनिकताको प्रभाव र प्रहारले एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुन निकै कठिन देखिएका कारण लोप हुन सक्ने देखिएको छ ।

## ५.२ निष्कर्ष

नेपालको पश्चिमाञ्चल क्षेत्रको गण्डकी अञ्चलमा पर्ने कास्की जिल्लाको दक्षिण पश्चिम भागमा अवस्थित रहेको पुम्दीभुम्दीमा लोप अवस्था रहेको यस मागलको संरक्षण लागि यस अध्ययन पत्र तयार पारिएको हो । मागल धेरै अवसरमा गाइए पनि यस पुम्दीभुम्दीमा विवाह र व्रतबन्धमा मात्र गाउने गरेको पाइयो । बिस्तारै यस गीत लोप हुन लागेको छ  यसको संरक्षणमा हामी सबै एक हुनु आवश्यक रहेको छ ।

# सन्दर्भ सामग्री


अधिकारी, विश्वप्रेम (२०५७), **आँधीखोले लोकसंस्कृति र लोकगीत,** स्याङ्जा : विजयकुमार अधिकारी, पुतलीबजार नगरपालिका ।

आचार्य, गोविन्द (२०६२) **लोकगीतको** विश्लेषण, काठमाडौ : पैरवी प्रकाशन ।

थापा, धर्मराज (२०३०) **गण्डकीका सुसेली ख**, काठमाडौ : ने.रा.प्र.प्र. ।

न्यौपाने, कुसुमाकर (२०७०),**नेपाली लोकगीत, फिस्टेल पब्लिकेसन प्रा.लि**.

पराजुली, कृष्ण प्रसाद (२०५७), **नेपाली लोकगीतको आलोक**, वीणा प्रकाशन प्रा. लि. ।

पराजुली, मोतीलाल (२०४९), **नेपाली लोकगाथा,** पोखरा : तारा पराजुली ।

पराजुली, मोतीलाल र अन्य (२०६८), **नेपाली लोकसाहित्यको रूपरेखा**, ललितपुर : साझा प्रकाशन ।

पाण्डे, हुमकान्त (२०५८), **हुम्लाको लोकसाहित्य**, लेखक स्वयम् ।

.................. (२०७०), **मागल**, स्याङ्जा : स्याङ्जा साहित्य प्रतिष्ठान ।

पौडेल, सूर्यप्रसाद (२०७१), **स्याङजा जिल्लाको चिन्नेबास गा.वि.स.मा प्रचलित मागलको अध्ययन**, नेपाली विभाग पृथ्वीनारायण क्याम्पस पोखरामा प्रस्तुत स्नातकोत्तर तहको अप्रकाशित अध्ययन पत्र ।

बन्धु, चूडामणि (२०५८) **नेपाली लोक साहित्य**, काठमाडौ : एकता बुक्स प्रकाशन ।

.........................(२०६६), **नेपाली लोक साहित्य**, काठमाडौँ : एकता बुक्स ।

शर्मा, मोहनराज (२०५०) **गीति विश्लेषणका समकालीन आधारहरू**, काठमाडौ, प्रज्ञा प्रकाशन ।

परिशिष्ट : १

# पुम्दीभुम्दीमा प्रचलित मागल गीतको सङ्कलन

**व्रतबन्ध मागल**

दशै महिना मेरी आमा तिम्रै कोखिबास ।
छवै दिनमा मेरी आमा छैटमै करिमा ॥

एघारै दिनमा मेरी आमा न्वारनैको करिमा ।
छवै महिनामा मेरा बाबा भात खुवाइको करिम ॥

पाँचौ बर्ष मेरा बाबा छेवरै करिमा ।
आठ बर्षमा मेरा बाबा बर्तुनको करिमा ॥

धरिमा त तिम्रो बाबा करिमा त हामरो ।
गरै बाबा गरै आमा ठूलो धरिमा ॥
कर्म गर्ने पंडितले पूरै कर्म गरिदेऊ ॥।

सानै मन सानै चित्त नैरगरे बाबाले ।
बारम्बार हुने छैन ह्यामरो करिमा ॥

एकै हजार लाउने भए चारै हजार लगाइदेऊ ।
बारम्बार हुने छैन ह्यामरो करिमा ॥

*रूबिना बराल, नन्दकली बराल, तिलकुमारी पौडेल, डिलकुमारी बराल ।*

**व्रतबन्ध गरिदेउ भन्ने मागल**

सानै मन सानै चित्त नैरगरे बाबाले ।
बारम्बार हुनी होइन ह्यामरो करिमा ॥

एकै हजार लाउने भए चारै हजार लगाइदेऊ ।
बारम्बार हुने छैन ह्यामरो करिमा ॥
सकम्लता मेरा बाबा तिम्रो भारा तिरम्ला ॥
नैरसके मेरा बाबा भलै आशिक ॥।

दूबो भ्कै त छादिए ।
पाती भ्कै त मैलाए ॥

बासै भ्कै त नुगे बालै ।
काश भ्कै त फुले बालै ॥

दिएम् बालै दिएम् बाल भलै आशिकै ।
सानै मन सानै चित्त नैरगरे आमाले ।
बारम्बार हुने छैन ह्यामरो करिमा ।

चारै पाथी लाउने भए दशै पाथी लगाइदेऊ ।
बारम्बार हुने छैन ह्यामरो करिमा ॥

धरिमा त तिम्रो आमा करिमा त हामरो ।
दिएम् बालै दिएम् बाल भलै आशिकै ॥
*भेषकुमारी बराल, डिलकुमारी बराल, विष्णुमाया बराल ।*

**निमन्त्रणा गर्दाको मागल**

आकाशैकी दिदै मेरी पातलकी बैनै ।
कैले होला तिम्रो हाम्रो भेट ॥

बाबाज्यूका आगनीमा शुभै जग्गे लाउलान ।
त्यहै होला दिदै बैनै तिम्रो हाम्रो भेट ॥

जउन सारी जउन शुभै ब्रामणलाई निउती ल्याऊ ।
बाबा ज्यूका आगनीमा शुभै जगीया  लाऊ ॥

नैर जाने गामको नाम नैर जाने ब्रामणको नाम ।
कसो गरी डाकी बोलाई ल्याम ॥

बङसिङ होला गामको नाम हरि कृष्ण ब्रामणको नाम ।
जउन सारी जउन शुभ डाकी बोलाई ल्याऊ ॥

जउन सारी जउन शुभै भानिजलाई निउती ल्याऊ ।
बाबा ज्यूका आगनीमा शुभै जगिया  लाऊ ॥

नैर जाने गामको नाम नैर जाने भानिजको नाम ।
कसो गरी डाकी बोलाई ल्याम् ॥

पाम्दुर होला गामको नाम शिव होला भानिजको नाम ।
जउन सारी जउन शुभ डाकी बोलाइ ल्याऊ ॥

*भेषकुमारी बराल, डिलकुमारी बराल, विष्णुमाया बराल ।*

**माटो खन्दाको मागल**

राख बाबा सगुन बाल बाबा दियो ।
अगि लाउन कलस पछि पछि दिदी बहिनी ॥

जउन जउन भगती मटियै खनी देऊ ।
दियो कलस पुजी ल्याउन मटिया ॥

मटिया खन्दा खन्दा  हातै मेरो गल्यो ।
कति देउला मेरा बाबा मटियाको नेग ॥

हात्ती तिम्ले दिने छैनौ घोडा लेवैनौ ।
धेरै देउला मेरा बाबा पाचैं रुपयाँ ॥

*रूविना बराल, डिलकुमारी बराल, विष्णुमाया बराल ।*

**कसारको लागि पिठो भुट्दाको मागल**

सुनै केरे झाजरी सिनकी ।
भुटाइ देउन  दिदै बैनै हामरा पिठिया ॥

पिठो भुट्दा हातै मेरा गले ।
कति देउला मेरा भय पिठियाको नेग ॥

हात्ती तिम्ले दिने छैनौ घोडी हाम्ले लेवैनौं ।
धेरै देउला मेरा बाबा पाचैं रुपयाँ ॥

*रूविना बराल, डिलकुमारी बराल, विष्णुमाया बराल ।*

## कसार बटार्दाको मागल

आकासैकी दिदै मेरी पातलैकी बहिनै ।
दुबै दिदै बहिनैले गणेशै झिकाइदेऊ ॥

गणेशै बटार्दा हातै मेरो गल्यो ।
कति देउला मेरा बाबा गणेशैको नेग ॥

हात्ती तिम्ले दिने छैनौ घोडी हाम्ले लेवैनौं ।
धेरै देउला मेरा बाबा पाचैं रुपयाँ ॥

बेल गेडे कसारै त बनाउ  मेरी आमा ।
सानै मन सानै चित्त नैरगरे बाबाले ॥
बारम्बार हुने छैन ह्यामरो करिमा ॥

सानै मन सानै चित्त नैरगरे आमाले ।
बारम्बार हुने छैन ह्यामरो करिमा ॥
एकै पाथी लाउने भए चारै पाथी लगाइदेऊ ॥।

बारम्बार हुने छैन हामरो करिमा ।
सकम्लता मेरा बाबा तिम्रो भारा तिरम्ला ॥
नैरसके मेरा बाबा भलै आशिक ॥।

*रूविना बराल, नन्दकली बराल, तिलकुमारी पौडेल, भेषकुमारी बराल, डिलकुमारी बराल, विष्णुमाया बराल ।*

**वुकुवा पिन्दाको मागल**

मधेशको रायो सर्सिम पहाडको हदेली ।
पिनाइ देउन दिदै बहिनै हाम्रो बुकुवा ॥

बुकुवा पिनदा हातै मेरा गले नि ।
कति देउला मेरा भए वुकुवाको नेग ॥

सकेदेखि मेरी दिदै तिम्रो भारा तिरम्ला ।
नैर सके मेरी भलै देउ आशिक ॥

*रूविना बराल, तिलकुमारी पौडेल, भेषकुमारी बराल, डिलकुमारी बराल ।*

**मन्त्र सुनाउदाको मागल**

गुरु बाबालाई पालम्ला सुनाइ देउन ।
गुरु बाबा गायत्री मन्तर ॥

थाल माथि चामल त चामल माथि रुपैयाँ ।
देउन गुरु बाबा देउन गुरु बाबा  गायत्री मन्तर ॥

थाल माथि चामल त चामल माथि जनै सुपारी ।
देउन गुरु बाबा देउन गुरु बाबा  गायत्री मन्तर ॥

*तिलकुमारी पौडेल, भेषकुमारी बराल, डिलकुमारी बराल, विष्णुमाया बराल ।*

**भिख माग्दाको मागल**

पाथी पाथी भिकियात देउन बाबा आमाले ।
हामरा गुरु बाबालाई के ले पालम्ला ॥

मुठी मुठी भिकिया देउन चारै लोकले ।
हामरा गुरु बाबालाई के ले पालम्ला ॥

सानै मन सानै चित्त नैरगरे बाबाले ।
बारम्बार हुने छैन ह्यामरो करिमा ॥

धरिमा त तिम्रो बाबा करिमा त हामरो ।
गरै बाबा गरै आमा ठुलो धरिमा ॥
*रूविना बराल, नन्दकली बराल, तिलकुमारी पौडेल,*

**पढन् जादाको मागल**

तिमी बाला नजउ हामीलाई छोडेर ।
हाम्रो दरबार नै शुन्य हुन्छ ॥

म बिदेश गएर पढेर ठुलो मान्छे बन्छु ।
अनि तपाईहरूको सेवा गर्ने छु ॥
*नन्दकली बराल, तिलकुमारी पौडेल, डिलकुमारी बराल, विष्णुमाया बराल*

**केटा खोज्न जादाको मागल**

बाबा कता जानि भन्दा  पोखरा जान्छु  भन्नु भयो ।
भोलि कहाँ जानु हुन्छ बा भन्दा  पोखरा जान्छु  भन्नु भयो ॥

छोरी फाल्न हिडनु भएको रहेछ ।
आजदेखि मेरो बाबा  हुनु  भयो बिरानो ॥

ए बाबा  म छोरी कति अभागी रहिछु ठुला  घरमा दिनु भो ।
आज पनि विवाह  भोलि पनि विवाह त मनै बिर्गानु भयो ॥
ए बाबु मैले त दिन्न भन्दै थिए दाजीले दिनु भयो ॥॥
*भेषकुमारी बराल, डिलकुमारी बराल, विष्णुमाया बराल ।*

**बिहे गरेर ल्याउ भन्ने बेलाको मागल**

गंगाजीको किनारमा रन्जता चेली खेलेकी ।
जउन बालै जउन बालै विवाह गरी ल्याऊ ॥

रन्जता चेली बिहे गर्न त्यसै जान हुँदैन ।
पाथी पाथी गहना चाहियो बुबा ॥

पाथी पाथी गहना त हामी मरिदाले पिटाम्ला ।
जउन बालै जउन बालै विवाह गरी ल्याऊ ॥

गंगाजीको किनारमा रन्जता चेली खेलेकी ।
जाउन बालै जाउन बालै विवाह गरी ल्याऊ ॥

रन्जता चेली बिहे गर्न त्यसै जान हुँदैन ॥
बाकस भरी कपडा चाहिन्छ ॥

बाकस भरी कपडा त हामी मरिदाले किनम्ला ।
जाउन बालै जउन बालै विवाह गरी ल्याऊ ॥

गंगाजीको किनारमा रन्जता चेली खेलेकी ।
जाउन बालै जाउन बालै विवाह गरी ल्याऊ ॥
रन्जता चेली बिहे गर्न त्यसै जान हुँदैन ॥।

*नन्दकली बराल, भेषकुमारी बराल, डिलकुमारी बराल ।*

**जन्ती आउँदा**

पृथ्वी र भरकाम्दै पहरो थरकाम्दै आए चारै लोक ।
काला काला लेकबाट डुल्दै भिरदै आएका ॥
बास देउन गोरी दान पाटनको छेउ ॥

हामरा र बाबाका डिया बाच्छा खेल्दछन् ।
छदै छैन दिदै दिन्नम् परदेशीलाई बास ॥

काला काला लेकबाट डुल्दै भिरदै आएका ॥
बास देउन गोरी दान तगरीको छेउ ।

हामरा र बाबाका डिया बाच्छा फुकाउने ठाउँ हो ।
छदै छैन दिदै दिन्नम् परदेशीलाई बास ॥

काला काला लेकबाट डुल्दै भिर्दै आएका ॥
बास देउन गोरी दान आगनीको छेउ ।

हामरा  र बाबाका पाउना पाछा बस्दछन् ।
छँदै छैन दिदै दिन्नम् परदेशीलाई बास ॥

*नन्दकली बराल, भेषकुमारी बराल, डिलकुमारी बराल, विष्णुमाया बराल ।*

**जन्ती पर्सदाको मागल**

आए जन्ती, आए जन्ती सुवा सरी बनी आए ।
गोरी धन लिन भनी आए आए जन्ती ॥

हातै लिए गङ्गाजल सुनकैसे झारिया ।
प्रदक्षिणा गर गोरी श्रीरामलाई ॥

झिलिमिली कपडु त काठमाडौँको सहर ।
छेकी देऊ न अग्नि बाबा श्री रामलाई ॥
बारम्बार हुनि छैन हाम्रो करिम ॥

*रूविना बराल, नन्दकली बराल, तिलकुमारी पौडेल, भेषकुमारी बराल, डिलकुमारी बराल, विष्णुमाया बराल ।*

**जिम्ती लेख्दा**

श्री धान अक्षेती त माली गाईको दुधले ।
लेखाइ देउन मेरी दिदै हामरो जिमती ॥

जिमती लेख्दा ता हातै मेरा गले ।
कति देउला मेरा भए जिमतीको नेग ॥

भानिजलाई दिम्ला दिदी चामल र गाई ।
दिदीलाई दिम्ला दिदी पाचै रुपयाँ  ॥

*डिलकुमारी बराल, विष्णुमाया बराल ।*

**टीका लगाउने बेलामा**

सिलिधान अक्षेती त माली गाईको दही ।
लगाइ देउन मेरा बाबा हामीलाई टिकिया ॥

सिलिधान अक्षेती त माली गाईको दही ।
लगाइ देउन मेरी आमा हामीलाई टिकिया ॥

सिलिधान अक्षेती त माली गाईको दही ।
लगाइ देउन मेरी दिदै हामीलाई टिकिया ॥

सिलिधान अक्षेती त माली गाईको दही ।
लगाइ देउन मेरा दाजइ हामीलाई टिकिया ॥
*डिलकुमारी बराल, विष्णुमाया बराल*

**आशिक दिने बेलामा**

दूबो झै त छादिए ।
पाती झै त मैलाए ॥

बासै झै त नुगे बरै ।
काश झै त फुले बरै ॥

दिएम् दिएम् बालै भलै आशिक ।
बारम्बार हुने छैन ह्यामरो करिमा ।
*डिलकुमारी बराल ।*

**जल खाँदाको मागल**

गङगाजीको किनारमा चौतारीमा बसेर बाबाजीले बाउ दत्त बोले बत्तिस दन्तले ।
बर साची राखी पिपल साची राखे बाबाजीले बाउ दत्त बोले बत्तिस दन्तले ॥

सुन चाँदी हुँदाहुम् त तुलै काटा चढ्दाहुम् बाबाजीकी सुनसरी छोरी बचनले बिकाए ।

सुनै कैसे झारी बाबा गङ्गै जल सारेर ।
खाउन बाबा खाउन बाबा श्रीरामको जल ॥

पैला पाउ पखालेर शिरैमा रष्टन ।
दोस्रो पाउ पखालेर चरण नै अमृत ॥

दिनका र भोका बाबा रातका अनिदा ।
खाउन बाबा खाउन  बाबा श्रीरामको जल ॥

एउटै  कोखी बसेम् दाजी दसै धारा खाएम्  ।
आजदेखि मेरा दाजी भई गएम बिरान ॥
*नन्दकली बराल, तिलकुमारी पौडेल, डिलकुमारी बराल, विष्णुमाया बराल ।*

## कन्यादान दिने बेलामा

सिरै केरे सिरफुल त मैले पहिराइ छोडथ्यैं ।
छम छम आउ  न गोरी किन भयै बिलना ॥

पारि  पारि लेकैमा त न्याउली चरी भ्फुराउँदा भ्फै ।
बाबा हामरा भ्फुराउनु भो ॥

पारि  पारि लेकैमा त न्याउली चरी भ्फुराउँदा भ्फै ।
आमा  भ्फुराउ  छिन् कसो गरी सुभ्फाई बुभ्फाई छोडम् ॥

तिम्रा बाबाभन्दा पनि हामरा बाबा शितला छन् ।
छम छम आउ गोरी किन गरै बिलना ॥

तिम्री आमा भन्दा पनि हामरी आमा शितली छन् ।
छम छम आउ गोरी किन गरै बिलना ॥

तिम्रा दाइभन्दा पनि हामरा दाइ शितला छन् ।
छम छम आउ गोरी किन गरै बिलना ॥

*रूविना बराल, डिलकुमारी बराल, विष्णुमाया बराल ।*

**डोली दिदाको मागल**

शिरै लाउने शिरफुल त भाउज्जैज्यूले लाउलिन् ।
म त भएँ मेरा बाबा जुगै बिरानो ॥

शिरै लाउने शिरबन्दी त भाउज्जैज्युले लाउलिन् ।
म त भएँ मेरा बाबा जुगै बिरानो ॥

हातमा लाउने बालैचा त भाउज्जैज्युले लाउलिन ।
म त भएँ मेरा बाबा जुगै बिरानो ॥
तिमी बालै गर्भमा छदा गर्भै भयो उजेलो ।
आज पैदा भयौ मेरा बाल गृह भयो उजेलो ॥

आज देखि भयै मेरा बाल बिराना ।
दुधैलीको सारी दिई तिम्रो भारा तिरम्ला ॥

भलाइ देउन मेरी आमा आशिक ।
सकम्लता मेरा बाबा तिम्रो भारा तिरम्ला ॥
नैरसके मेरा बाबा भलै आश्कि ॥॥

*रूविना बराल, भेषकुमारी बराल, डिलकुमारी बराल, विष्णुमाया बराल ।*

**केटाको घर पुगेपछि केटीले गाउने**

गाउरी पनि ल्याएम् बजै ।
कुडे पनि ल्याएम बजै ॥
हामी पनि आएम् बजै ।
तिम्रो सरन

*विष्णुमाया बराल ।*

परिशिष्ट : २

# मागल गायिकाहरूको परिचय

**१ डिलकुमारी बराल**



ठेगाना : पुम्दीभुम्दी-२५, कास्की

जन्म : १९९८/०३/२० गते

विवाह : २००७ (९ वर्षमा)

श्रीमान् : स्व. डिल्लीराम बराल

माइत : मट्टिखान, स्याङ्जा

बुबा : ऋषिराम पोखरेल

आमा : पार्वती पोखरेल

**२ रूबिना बराल**



ठेगाना : पुम्दीभुम्दी-२५, कास्की

जन्म : १९८५/०२/१६ गते

विवाह : १९९३ (८ बर्षमा)

श्रीमान् : स्व. दुर्गादत्त बराल

माइत : सरादीखोला, स्याङ्जा

बुबा : ऋषिराम पौडेल

आमा : मधिमाया पौडेल



**३ नन्दकली बराल**

ठेगाना : पुम्दीभुम्दी-२५, कास्की

जन्म : १९८८/०१/१०

विवाह : १९९३ (५ वर्षमा)

श्रीमान् : स्व. तुलसीराम बराल

माइत : भदौरे, कास्की

बुबा : पूणखर पौडेल

आमा : हरिकला पौडेल

४ **तिलकुमारी पौडेल**



ठेगाना : पुम्दीभुम्दी-२५, कास्की

जन्म : २०००/१०/२५

विवाह : २०१३ (१३ वर्ष)

श्रीमान् : स्व. नन्दलाल पौडेल

माइत : बाडखोला, स्याङ्जा

बुबा : पूणभद्र मरासिनी

आमा : डासी मरासिनी

५ **बिष्णुमाया बराल**



ठेगाना : पुम्दीभुम्दी-२५, कास्की

जन्म : २०२२/०८/०५

विवाह : २०४० (१८ वर्षमा)

श्रीमान् : पृथ्वीराज बराल

माइत : सरादीखोला, स्याङ्जा

बुबा : रबिलाल पौडेल

आमा : लिला पौडेल

६ **भेषकुमारी बराल**



ठेगाना : पुम्दीभुम्दी-२५, कास्की

जन्म : २००९/०४/११

विवाह : २०२४ (१५ वर्षमा)

श्रीमान् : प्रजापति बराल

माइत : बाडखोला, स्याङ्जा

बुबा : पूणभद्र मरासिनी

आमा : डासी मरासिनी